"न्यायपालिकाको स्वतन्त्रता: न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना

## (२०७६/०७७-२०८०/०८१)

अन्तर्गत

# वार्षिक कार्य योजना

## २०८०/०८१




# उच्च अदालत सुर्खेत

# उच्च अदालत सुर्खेत

## कार्यरत माननीय न्यायाधीशज्यूहरु तथा रजिस्ट्रार एवं उपरजिस्ट्रार



माननीय का.मु. मुख्य न्यायाधीश श्री माधवप्रसाद पोखरेल



माननीय न्यायाधीश श्री पूनम सिंह चन्द



रजिस्ट्रार श्री अर्जुनप्रसाद कोईराला



उपरजिस्ट्रार श्री सरोजनिधि वाग्ले

# विषयसूची

परिच्छेद-१ ........ 3

प्रारम्भिक ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ .न्यायपालिकाको परिदृष्य ,परिलक्ष्य र आधारभूत मूल्य र लक्ष्य ........ 4

१.२.१ परिदृष्य ........ 4

१.२.२ .परिलक्ष्य ........ 4

१.२.३ .आधारभूत मूल्यहरू ........ 4

१.२.४ .लक्ष्यहरूको निर्धारण ........ 5

१.२.५ .लक्ष्य प्राप्तिका रणनीतिक उद्देश्यहरुः- ........ 5

१.२.६ .चौथो रणनीतिक योजनाका मुख्य सुधारका क्षेत्रहरू ........ 7

१.३ योजना निर्माण समितिका पदाधिकारीहरुः- ........ 9

१.४कार्य योजना तर्जुमाका सीमाहरु ........ 10

परिच्छेद - २ ........ 12

आ.व .२०७९/०८० को वार्षिक कार्ययोजनाको समीक्षा ........ 12

२.१ .मुद्दा फछ्र्यौट तर्फको  गत आर्थिक वर्षको निर्धारित लक्ष्य र प्रगतिको समीक्षा ........ 12

२.२  .मुद्दा फछ्र्यौटको कार्ययोजना अनुसार लक्ष्य र प्रगति ........ 12

२ .४ मुद्दा ,निवेदन तथा कैफियत प्रतिवेदनतर्फ ........ 16

२.५ योजना अनुरूप प्रगति हासिल भए नभएको सम्बन्धमा संक्षिप्त विश्लेषण ........ 16

२.६ अन्य व्यवस्थापकीय कार्यको लक्ष्य र प्रगति विवरण ........ 17

२.७ व्यवस्थापकीय कार्यतर्फको लक्ष्य र प्रगति विवरण निम्नानुसार रहेको छ । ........ 18

परिच्छेद-  ३ ........ 19

वर्तमानको वस्तुस्थिति विश्लेषण र सम्बोधन गर्नु पर्ने विषयको पहिचान ........ 19

३.१ .वर्तमान अवस्थाको विश्लेषण ........ 19

३.२ उच्च अदालत सुर्खेतको दरबन्दी तेरिज ........ 24

३.३ आगामी कार्ययोजनामा सम्बोधन गर्नु पर्ने विषयहरू ........ 25

३.३ मुद्दा मामिलातर्फ सम्बोधन गर्नु पर्ने विषय ........ 26

३.४ .सूचना प्रविधिको अधिकतम प्रयोग ........ 27

३.५.भौतिक पूर्वाधारको विकास र सेवाग्राहीमैत्री वातावरणको सृजना ........ 28
३.६ .न्यायाधीश र रजिस्ट्रारको आवासमा कार्य वातावरणः ........ 29
३.७ .न्यायमा पहुँच अभिवृद्धि सम्बन्धमा ........ 29
३.८ .जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रम ........ 30
३.९ .मेलमिलाप पद्धतिको विकासमा जोड ........ 31
३.१० .योजना कार्यान्वयनका सम्बन्धमा ........ 31
३.११ .पुस्तकालयको व्यवस्थापन ........ 32
३.१२.उच्च अदालत सुर्खेत अन्तर्गतका इजलास र जिल्ला अदालतहरूसँगको सम्बन्ध र समन्वय ........ 33
परिच्छेद - ४ ........ 35
आर्थिक वर्ष २०८०/०८१ को प्रक्षेपण र वार्षिक लक्ष्य निर्धारण र मासिक कार्य तालिका ........ 35
परिच्छेद – ५ ........ 44
रणनीतिक क्रियाकलापहरू ........ 44
५.१ छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन ........ 44
५.१.१ मुद्दाको शीघ्र फछ्र्यौट गर्नु ........ 44
५.१.२ .मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्नु ........ 46
५.१.३ .न्यायिक काम कारवाही तथा मुद्दाको फैसलामा गुणस्तरीयता अभिवृद्धि गर्नु ........ 47
५.१.४ आदेश तथा फैसलाको गुणस्तर अभिवृद्धि गर्नेः ........ 47
५.१.५ .विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोगलाई प्रभावकारी बनाउनु ........ 49
५.१.६ फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउनु ........ 50
लक्ष्य ५.२ .न्यायमा पहुँच अभिवृद्धि ........ 50
५.२.१ अदालतको कार्यक्षेत्र भित्रका न्यायमा पहुँचका अवरोधहरूको सम्बोधन गर्ने ........ 50
५.२.२ अदालतबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनुः ........ 50
५.२.३ .कानूनी सहायतालाई प्रभावकारी बनाउनु ........ 52
५.२.४ .न्यायिक प्रक्रिया र प्रणालीबारे सूचना प्रवाह गर्नु ........ 53
५.२.५ .पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्नु ........ 54
५.३न्यायिक सुशासनको प्रबर्द्धन ........ 55
५.३.१ न्यायिक स्वतन्त्रता र स्वायत्तताको प्रवर्द्धन गर्नुः ........ 55
५.३.२ .न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गर्नु ........ 56
५.३.३ .न्यायिक जनशक्तिको कार्य संस्कृतिमा सुधार गर्नु ........ 56
५.३.४ अदालतको काम कारवाहीमा अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउन ........ 57

न्यायिक काम कारवाहीको निरीक्षण अनुगमन गर्नेः ..... 57
५.४ अदालत व्यवस्थापनको सुदृढीकरण ..... 58
५.४.१: मानव संशाधन व्यवस्थापन सुदृढ बनाउनु ..... 58
५.४.२ .भौतिक र सेवा पूर्वाधारमा सुधार एवम् वित्तीय व्यवस्थापन गर्नु ..... 59
५. ४.३. सूचना प्रविधिको संस्थागत सुदृढीकरण र क्षमता अभिबृद्धि गर्नु ..... 63
५.४.४ संहिताहरूको नतिजामूलकरप्रभावकारी कार्यान्वयनको व्यवस्थापन गर्नु ..... 63
५.५ न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि ..... 64
५.५.१ अदालतका काम कारबाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टी अभिवृद्धि गर्नु ..... 64
५.५.२: अदालतका सरोकारवालाहरूसँगको सम्बन्ध र सहयोगलाई सुदृढ तुल्याउनु ..... 65
अदालतका सरोकारवाला निकायहरूसँग सम्बन्ध र समन्वय अभिवृद्धि गर्ने ..... 65
परिच्छेद - ६ ..... 68
योजना तर्जुमा ,कार्यान्यिवन ,अनुगमन र मूल्याङ्कन संयन्त्र ..... 68
६.१.परिचय ..... 68
६.२ .योजना कार्यान्वयन ,अनुगमन र मूल्याङ्कन संयन्त्र ..... 68
६.३ .अनुगमन मूल्याङ्कन प्रक्रिया ..... 69
परिच्छेद - ७ ..... 71
चौमासिक रूपमा गरिने खर्च योजना ..... 71
७.१ प्रथम चौमासिक श्रावण देखि कार्तिक सम्म हुने खर्च योजना ..... 71
७.२ .दोस्रो चौमासिक कार्यक्रममा हुने खर्च योजना ..... 73
७.३ .तेस्रो चौमासिक कार्यक्रममा हुने खर्च योजना ..... 74
७.४ भौतिक र सेवा पूर्वाधारमा सुधार एवम वित्तिय व्यवस्थापनः- ..... 75
७.५ आ.व.२०८०/०८१ को वार्षिक कार्य योजनामा रहेको तर बजेट व्यवस्थापन नभएकोले बजेट माग गर्नु पर्ने विवरण ..... 77
परिच्छेद-आठ ..... 78
जोखिम विश्लेषण तथा न्यूनीकरण योजना ..... 78
८.१ परिचय ..... 78
८.२ विगत योजनाको जोखिम विश्लेषण ..... 79
८.३ वार्षिक कार्ययोजनाका सम्भावित जोखिमहरू ..... 80
८.४ जोखिम न्यूनीकरण योजनाः ..... 80

# परिच्छेद-१

# प्रारम्भिक

*१.१ पृष्ठभूमि*

नेपालको संविधानले स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिकाकोव्यवस्था गरेको छ । यो संस्था स्वतन्त्र र सक्षम भए कानूनी शासन (Rule of Law)को अवधारणाले मूर्त रूप लिई राष्ट्रमा न्यायिक सुव्यवस्था, न्यायिक सुशासन कायम भई राज्य एवं नागरिकहरूबीच सुमधुर सम्बन्ध स्थापित हुने र न्यायपालिकाप्रति जनआस्था अभिबृद्धि हुन्छ ।

स्वतन्त्र न्यायपालिकाको मुख्य आधार भनेकै छिटो छरितो, स्वतन्त्र र निष्पक्ष ढंगले न्याय सम्पादन गर्नु हो। शक्ति पृथकीकरण एवं सन्तुलनको उद्देश्य अनुरूप राज्यको एक अंगको रुपमा न्यायापालिकाको गठन, नियुक्ति तथा कार्यसंचालन प्रक्रियाहरु आ-आफ्नो ढंगले संचालन गर्ने विश्वव्यापी मान्यता अनुसार नेपालमा पनि २०६१ सालदेखि न्यायपालिकाको कामकारबाहीलाई योजनाबद्ध रुपमा अघि बढाउने उद्देश्य अनुरुप रणनीतिक योजनाको शुरुवात भएको देखिन्छ । उक्त योजना लागू भएपश्चात न्यायापालिकाको समग्र संगठन, व्यवस्थापन, न्याय/प्रशासनमा समयानुकूल सुदृढीकरण तथा परिमार्जित हुँदै परिवर्तित समयको माग अनुरुप गुणस्तरीय न्याय सम्पादनमा राम्रो परिणाम देखिएको छ भने अर्कोतर्फ जनआस्थामा

समेत उल्लेख्य वृद्धि भएको देखिन्छ । हाल न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७ - २०८०/०८१) सवैका लागि न्याय सुनिश्चित गर्ने परिदृश्य तथा संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवम् निश्पक्ष न्याय सम्पादन गर्ने परिलक्ष्यका साथ लागू भैरहेको सन्दर्भमा यस योजनाको कार्यलाई निरन्तरता दिने क्रममा उच्च अदालत सुर्खेतले चौथो रणनीतिक कार्य योजनाको पाचौ वर्ष (०८०-०८१) को वार्षिक कार्य योजना बनाएको छ ।

चौथो रणनीतिक योजनाको पाचौ वर्षको (आ.व.२०८०-२०८१) कार्ययोजना मिति २०८० साल श्रावण १ गते देखि लागु हुन्छ । यो रणनीतिक योजनाले बिगतका योजनाहरुबाट पृष्ठपोषण लिँदै मार्गदर्शनको रुपमा अंगीकार गर्दै छिटो छरितो, स्वतन्त्र र निष्पक्ष एवं गुणस्तरीय न्याय सम्पादन गर्ने प्रतिवद्धता ब्यक्त गरेको छ । यसै क्रममा उच्च अदालतहरुमा फरक मुद्दा ब्यवस्थापन (DCM) २०७७ भाद्र १ देखि लागुभएको अवस्था छ । यस कार्यमा सफलता हासिल गर्नु निकै नै चुनौतीपूर्ण देखिए तापनि आगामी दिनमा आइपर्ने चुनौतीहरुसँग सामना गरी अगाडि बढी चौथो रणनीतिक योजनाले निर्दिष्ट गरेकाछिटो छरितो, स्वतन्त्र र निष्पक्ष ढंगले गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुच अभिवृद्धि, न्यायिक सुशासनको प्रवर्द्धन, अदालत व्यवस्थापनकोसुदृढीकरण र न्यायपालिका प्रति आस्था र

विश्वास अभिवृद्धि गर्ने लक्ष्यमा प्रयत्नशील रहनु पर्ने जिम्मेवारी हाम्रो सामु रहि आएको छ ।

प्रत्येक अदालतले आफ्नो वार्षिक कार्ययोजना तर्जुमा गर्दा सरोकारवाला निकायहरू बीच छलफल एवम् अन्तरक्रिया गरी प्राप्त पृष्ठपोषणलाई समेत सम्वोधन गर्नुपर्ने हुन्छ । त्यस्तै, प्रत्येक अदालतले एक जना न्यायाधीशको अध्यक्षतामा अदालतको सबै शाखाका कर्मचारीहरूको संलग्नता हुने गरी योजना तर्जुमा कार्य समिति गठन गरी सो समितिले योजना तर्जुमा गरी पूर्ण बैठक समक्ष पेस गरी पूर्ण बैठकबाट पारित गराई आर्थिक बर्षको श्रावण १ गतेबाट योजना कार्यान्वयन गर्नु पर्ने हुन्छ । यस अदालतले पनि बिगत वर्षहरूमा झै आर्थिक वर्ष ०८०/०८१ को कार्ययोजना निर्माण गर्दा माननीय न्यायाधीश श्री पूनम सिंह (चन्द) ज्यूको अध्यक्षतामा प्रत्येक शाखामा कार्यरत कर्मचारीहरु सम्मिलित योजना तर्जुमा कार्य समितिबाट तयार पारिएको प्रारम्भिक मस्यौदा उपर यस अदालतका माननीय न्यायाधीशहरूबाट प्राप्त सुझावहरू, कर्मचारीहरु एवम् सरोकारवालाहरुसँग छलफल परामर्श गरी सोबाट प्राप्त सुझावहरुलाई समावेश गरी मस्यौदा तयार गरी सो मस्यौदा उपर यस अदालतको मिति २०८०/०४/ ०४ गतेको पूर्ण बैठकमा छलफलगरी सो बैठकको सुझाव समेत समावेश गरी प्रस्तुत कार्ययोजनाको अन्तिम मस्यौदा स्वीकृत गरि वार्षिक कार्ययोजना ०८०/०८१ लागु गरिएको छ ।

*१.२ .न्यायपालिकाको परिदृष्य ,परिलक्ष्य र आधारभूत मूल्य र लक्ष्य*

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना २०७६/०७७ - २०८०/०८१ द्वारा निर्धारित परिदृष्य, परिलक्ष्य र आधारभूत मूल्यहरूनिम्नानुसार रहेका छन् । यस अदालतले पनि यिनै परिदृष्य, परिलक्ष्य र मूल्यहरुको आधारमा आफ्नो कार्य सम्पादन गर्नेछ ।

१.२.१ परिदृष्य

"सबैका लागि न्याय सुनिश्चित गर्नेन्यायपालिकाको परिदृष्य रहेको छ ।

१.२.२ .परिलक्ष्य

संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निष्पक्ष न्याय सम्पादन गर्नु न्यापालिकाको परिलक्ष्य रहेको छ ।

१.२.३ .आधारभूत मूल्यहरू

१. संविधान र कानूनप्रति आस्था ।

२. स्वतन्त्रता, निष्पक्षता र सक्षमता ।

३. स्वायत्तता ।

४. उत्तरदायित्व र जवाफदेहिता ।

५. स्वच्छता र समानता ।

६. गुणस्तरीयता ।

७. स्वामित्व ,सदाचार, प्रतिनिधित्व र समावेशिता ।

८. सहभागिता र समन्वय ।

१.२.४ .लक्ष्यहरूको निर्धारण

लक्ष्य १- छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन ।

लक्ष्य २- न्यायमा पहुँच अभिवृद्धि ।

लक्ष्य ३- न्यायिक सुशासनको प्रवर्द्धन ।

लक्ष्य ४- अदालत व्यबस्थापनको सुदृढीकरण ।

लक्ष्य ५- न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि ।

१.२.५ .लक्ष्य प्राप्तिका रणनीतिक उद्देश्यहरुः-

| क्र.स. | लक्ष्यहरू | लक्ष्य तथा रणनीतिक उद्देश्यहरू |
|---|---|---|
| १ | छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन | १.१. मुद्दाको शीघ्र फछ्र्यौट गर्नु । |
| | | १.२. मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्नु । |
| | | १.३. न्यायिक कामकारबाही तथा मुद्दाको फैसलामा गुणस्तरीयता अभिवृद्धि गर्नु । |
| | | १.४. विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोगलाई प्रभावकारी बनाउनु । |
| | | १.५ फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउनु । |
| २ | न्यायमा पहुँच | २.१ अदालतको कार्यक्षेत्र भित्रका न्यायमा पहुँचका |

| | | |
|---|---|---|
| | अभिवृद्धि | अवरोधहरूको सम्वोधन गर्नु । |
| | | २.२. अदालतबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनु । |
| | | २.३. कानूनी सहायतालाई प्रभावकारी बनाउनु । |
| | | २.४. न्यायिक प्रक्रिया र प्रणालीबारे सूचना प्रवाह गर्नु । |
| | | २.५. पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्नु । |
| ३ | न्यायिक सुशासनको प्रवर्द्धन | ३.१. न्यायिक स्वतन्त्रता र स्वायत्तताको प्रवर्द्धन गर्नु । |
| | | ३.२. न्यायिक उत्तरदायित्व र जवाफदेहीता अभिवृद्धि गर्नु । |
| | | ३.३. न्यायिक जनशक्तिको कार्य संस्कृतिमा सुधार गर्नु । |
| | | ३.४अदालतको काम कारबाहीमा अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउनु । |
| ४ | अदालत व्यवस्थापनको सुदृढीकरण | ४.१. मानव संशाधन व्यवस्थापन सुदृढ बनाउनु । |
| | | ४.२. भौतिक र सेवा पूर्वाधारमा सुधार एवम् वित्तीय व्यवस्थापन गर्नु । |
| | | ४.३. सूचना प्रविधिको संस्थागत सुदृढीकरण र |

| | | |
|---|---|---|
| | | क्षमता अभिवृद्धि गर्नु । |
| | | ४.४. संहिताहरूको नतिजामूलक र प्रभावकारी कार्यान्वयनको व्यवस्थापन गर्नु । |
| | | ४.५. न्यायिक अध्ययन, अनुसन्धानको पद्धति विकास गर्नु । |
| | | ४.६. योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउनु । |
| ५ | न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि | ५.१. अदालतका काम कारबाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि अभिबृद्धि गर्नु । |
| | | ५.२. न्यायिक सूचना, सञ्चार र शिक्षा पद्धतिको सुधार गर्नु । |
| | | ५.३. अदालतका सरोकारवालाहरूसँगको सम्बन्ध र सहयोगलाई सुदृढ तुल्याउनु । |

**१.२.६ .चौथो रणनीतिक योजनाका मुख्य सुधारका क्षेत्रहरू**

- जिल्ला र उच्च अदालतमा फरक मुद्दा व्यवस्थापन,
- सर्वोच्च अदालतमा बक्यौता न्यूनिकरण योजना,
- सर्वोच्च अदालतमा समूह पद्दति र न्यायिक कार्य समयको विस्तार,
- न्यायिक प्रक्रिया र न्याय सम्पादनमा गुणस्तरीयता,

- फैसला कार्यान्वयनको विशेष अभियान, (पुरानो लगत फछ्र्यौटमा प्राथमिकता)
- विवाद समाधानका वैकल्पिक उपायहरूको प्रवर्द्धन,
- मुद्दा व्यवस्थापनमा स्वचालित सूचना प्रविधिको प्रयोग,
- पीडित मैत्री न्याय प्रणालीको विकास,
- न्यायमा पहुँच कार्यक्रमको प्राथमिकता,
- कानूनी सहायताको प्रभावकारीता,
- न्यायिक सुशासन, उत्तरदायित्व तथा जवाफदेहीता,
- न्यायिक स्वतन्त्रता र स्वायत्तताको पवर्द्धन,
- न्यायिक कार्यसँस्कृतिमा सुधार,
- मुलुकी संहिताहरूको कार्यान्वयन,
- न्यायिक प्रक्रियाको पारदर्शिता,
- अदालतको समग्र व्यवस्थापनमा जोड ( मानव संसाधन विकास, उत्प्रेरणा भौतिक तथा सेवा पूर्वाधार र वित्तीय व्यवस्थापन )
- न्यायिक पद्धति, मुद्दाको प्रक्रिया तथा न्यायिक सेवा प्रवाह सम्बन्धमा जानकारी सम्प्रेषण/अन्तरसम्वाद,
- सेवाग्राहीको सन्तुष्टि मापनको पद्धति,
- सरोकारवालाहरूसँगको सम्बन्ध, सहकार्य र समन्वय,
- न्यायिक अध्ययन, अनुसन्धान पद्धतिको विकास,
- योजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन पद्धति ।

*१.३ योजना निर्माण समितिका पदाधिकारीहरुः-*

यस अदालतको वार्षिक कार्ययोजनालाई सवल र सक्षम बनाउन यस अदालतका माननीय न्यायाधीश श्री पूनम सिंह (चन्द) ज्यूको संयोजकत्वमा देहाय बमोजिमको समिति मिति २०८०।०३।२५ गते गठन गरिएको थियो ।

<u>समितिः</u>

| | | | |
|---|---|---|---|
| १. | माननीय न्यायाधीश | श्री पूनम सिंह (चन्द) | संयोजक |
| २. | रजिष्ट्रार | श्री अर्जुनप्रसाद कोइराला | सदस्य |
| ३. | उपरजिष्ट्रार | श्री सरोजनिधि वाग्ले | सदस्य |
| ४. | सुपरिवेक्षक | श्री दामोदर पौडेल | सदस्य |
| ५. | शाखा अधिकृत | श्री धनिराम बि.सी | सदस्य |
| ६. | नायव सुव्बा | श्री हेमन्त गिरी | सदस्य |
| ७. | नायब सुब्बा | श्री गिताकुमारी खराल | सदस्य |
| ८. | नायब सुव्वा | श्री यज्ञकुमार पोखरेल | सदस्य |
| ९. | नायब सुब्बा | श्री राजिव | सदस्य |

| | | | |
|---|---|---|---|
| | | लामिछाने | |
| १०. | नायब सुब्बा | श्री पिताम्वर अधिकारी | सदस्य |
| ११. | नायब सुब्बा | श्री ललितबहादुर के.सी | सदस्य |
| १२. | लेखापाल | श्री रमेश पौडेल | सदस्य |

*१.४कार्य योजना तर्जुमाका सीमाहरु*

१. **बजेटको सीमितताः** विश्वभरमा देखिएको आर्थिक मन्दिको असर नेपालमा समेत देखिएको छ र यसको कारणले गर्दा पछिल्लो समय देशको अर्थतन्त्र खस्किएको अवस्थामा रहेको देखिन्छ । परिस्थितिमा सुधार नआए यो अवस्थामा अझ विकराल बन्न सक्ने देखिन्छ । यसै परिस्थितीलाई मध्यनजर राखी बजेटको सीमागत वर्षको तुलनामा घटेको देखिन्छ भने देखि विनियोजित बजेट समेत रोक्का हुन पुगेको थियो । यसले खासगरी जनआस्थासँग सम्बन्धित ब्यवस्थापकीय कार्यहरुको कार्यक्रम संचालनमा समेत नकरात्मक प्रभाव परेको हुँदा त्यसमा केही संकुचन गर्नु पर्ने अवस्था समेतको विद्यमानता देखिन्छ । एकपटक प्राप्त बजेटले वर्षभरी पुऱ्याउन पर्ने अवस्था छ । परिस्थितिमा परिवर्तन आए त्यसमा जनमुखी

कार्यक्रमहरु थपघट गर्नु पर्ने हुन्छ । यस तर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्ने अवस्था छ ।

**३. फरक मुद्दा ब्यवस्थापन (DCM)** – सम्मानित सर्वोच्च अदालतले सबै उच्च अदालतहरुमा मिति २०७७ भाद्र १ गते देखि फरक मुद्दा ब्यवस्थापन (DCM) पद्दति लागु गरेको अवस्था छ । मुद्दाका सरोकारवाला पक्षहरु जस्तै कर्मचारी, कानून ब्यवसायी, सरकारी वकिल, मालपोत कार्यालय, भूमि सुधार कार्यालय जस्ता निकायहरुसँग शीघ्र अन्तरक्रिया तथा तालिम संचालन गर्नु पर्ने हुन्छ । सूचना प्रविधि तथा संचार प्रविधिको प्रयोग विश्वव्यापी रुपमा बढ्दै गइरहेको सन्दर्भमा नेपाल देशभरी संचालन हुने उक्त ब्यवस्थापनका कार्यहरु अधिकांश सूचना प्रविधिकै भर पर्नु पर्ने अवस्था देखिएकोमा सूचना प्रविधिको ब्यवस्था नभए उक्त कार्यक्रमको लक्ष्य पूरा हुन नसक्ने देखिन्छ । यसका साथै सेवाग्राही तथा कानून ब्यवसायीहरुको पर्याप्त सहयोगको अपेक्षा गरिएको छ । सेवाग्राहीहरुले पनि सहयोग गर्नु पर्ने अवस्था छ । उहाँहरुबाट पर्याप्त सहयोग हुने कुरा चुनौतीपूर्ण छ । साथै यसका लागि अदालतमा कर्मचारीहरुको लागि तालिमको अवसर पनि प्रदान गरिनु जरुरी छ । तर पनि घोषणा भै तय भैसकेको कार्य गर्न यस अदालत पूर्णतः प्रतिबद्ध छ ।

# परिच्छेद - २

# आ.व .२०७९/०८० को वार्षिक कार्ययोजनाको समीक्षा

*२.१ .मुद्दा फछ्र्यौट तर्फको  गत आर्थिक वर्षको निर्धारित लक्ष्य र प्रगतिको समीक्षा*

सम्वत् २०७९  श्रावण महिना देखि लागू गर्ने गरी तर्जुमा गरिएको कार्ययोजनाले उक्त आर्थिक वर्षमा निर्धारण गरिएको लक्ष्य अनुसार प्रगति हाँसिल गर्न सकिए नसकिएको भन्ने सम्बन्धमा देहाय बमोजिम मूल्याङ्कन र विश्लेषण  गरिएको छ ।

*२.२  .मुद्दा फछ्र्यौटको कार्ययोजना अनुसार लक्ष्य र प्रगति*

आर्थिक वर्ष २०७९/०८० मा वार्षिक कार्ययोजनाले लिएको लक्ष्य के कति कार्यान्वयन गर्न सकियो ? के कति गर्ने सकिएन भन्ने सम्बन्धमा निम्न तालिकाहरुबाट प्रष्ट देख्न सकिन्छ ।

## विगत ३ आ. व. का मुद्दाको तुलनात्मक विवरण

| आ. ब. | लगत | फछ्यौंट | बाँकी | फछ्यौंट % |
|---|---|---|---|---|
| २०७६/०७७ | ६१४ | ३२१ | २९३ | ५२.२८ |
| २०७७/०७८ | ७३३ | ४६८ | २६५ | ६३.८४ |
| २०७८/०७९ | ९५८ | ७१२ | २४६ | ७४.३२ |

## यस आ.व. को हालसम्मको लगत, फछ्यौंट तथा बाँकीको विवरण

| लगत | फछ्यौंट | बाँकी | लगत अनुसार फछ्यौंट % | लक्ष्य अनुसार फछ्यौंट % |
|---|---|---|---|---|
| ९२२ | ७६२ | १६० | ८२.६५ | १०५.६९ |

# DCM अन्तरगतका मुद्दाहरुको लगत, फछ्र्योट र बाँकीको विवरण

| विवरण | | लगत | | जम्मा | फछ्र्योट | | जम्मा | फछ्र्योट % | बाँकी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी तर्फको | नयाँ दर्ता तर्फको | | जिम्मेवारी तर्फको | नयाँ दर्ता तर्फको | | | जिम्मेवारी तर्फको | नयाँ दर्ता तर्फको | |
| मुद्दा | शुरु मुद्दा | २० | ३९ | ५९ | २० | ३९ | ५९ | १०० | ० | ० | ० |
| | पुनरावेदन | २०९ | ५७४ | ७८३ | २०९ | ४३० | ६३९ | ६१.६० | ० | १४४ | १४४ |
| रिट निवेदन | | १७ | ६३ | ८० | १७ | ४७ | ६४ | ७९.७४ | ० | १६ | १६ |
| जम्मा | | २४६ | ६७५ | ९२२ | २४६ | ५१६ | ७६२ | ८२.६५ | ० | १६० | १६० |

| मार्ग/अवधी | लगत | | | | | फछ्र्योट | | | | | बाँकी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ६ महिना भित्रको | ६ देखि १२ महिना भित्र | १२ महिना देखि १८ महिना भित्र | १८ महिना नाघेका | जम्मा | ६ महिना भित्रको | ६ देखि १२ महिना भित्र | १२ महिना देखि १८ महिना भित्र | १८ महिना नाघेका | जम्मा फछ्र्योट | ६ महिना भित्रको | ६ देखि १२ महिना भित्र | १२ महिना देखि १८ महिना भित्र | १८ महिना नाघेका | जम्मा बाँकी |
| सरल मार्ग | ३४६ | २९८ | १५८ | ३५ | ८३७ | २१४ | २८५ | १५७ | ३५ | ६९१ | १३२ | १४ | ० | ० | १४६ |
| सामान्य मार्ग | ५ | १२ | १३ | ५० | ८० | ० | ३ | १३ | ५० | ६६ | ५ | ९ | ० | ० | १४ |
| विषेश मार्ग | ० | ० | ० | ५ | ५ | ० | ० | ० | ५ | ५ | ० | ० | ० | ० | ० |
| जम्मा | ३५१ | ३१० | १७१ | ९० | ९२२ | २१४ | २८८ | १७० | ९० | ७६२ | १३७ | २३ | ० | ० | १६० |

# मुद्दा फछ्र्यौंटको लक्ष्य र प्रगतिको मासिक विवरण

| लक्ष्य/ प्रगति | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिम्मेवारी तर्फको | लक्ष्य | २२ | ४४ | १९ | ३७ | ४२ | ३९ | ४ | ३ | ५ | ५ | ६ | ४ | २३० |
| | प्रगति | ३० | ६४ | १० | १६ | ६ | २७ | २१ | ४ | १३ | २ | ४ | ३२ | २२९ |
| नयाँ दर्ता तर्फको | लक्ष्य | ० | ८ | ६ | ६ | १४ | ३३ | ४५ | ४५ | ६४ | ६४ | ७२ | ६२ | ४१९ |
| | प्रगति | ० | १८ | ५ | १२ | १७ | ३८ | ४८ | ३३ | ६६ | ४९ | ३९ | १४४ | ४६९ |
| रिट तर्फको | लक्ष्य | ३ | ८ | ४ | ६ | ८ | ८ | ५ | ४ | ६ | ६ | ८ | ६ | ७२ |
| | प्रगति | ५ | ३ | १ | ४ | १० | २ | ७ | १ | ३ | ५ | ७ | १६ | ६४ |
| जम्मा | लक्ष्य | २५ | ६० | २९ | ४९ | ६४ | ८० | ५४ | ५२ | ७५ | ७५ | ८६ | ७२ | ७२१ |
| | प्रगति | ३५ | ८५ | १६ | ३२ | ३३ | ६७ | ७६ | ३८ | ८२ | ५६ | ५० | १९२ | ७६२ |

# मा.न्या.हरुको निवेदन, प्रतिवेदन र मुद्दा फछ्र्यौंटको लक्ष्य र प्रगतिको मासिक विवरण

| मा.न्या. हरुको नाम | लक्ष्य/प्रगति | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री माधव प्रसाद पोखरेल | लक्ष्य | ८ | १६ | ७ | १४ | २० | २२ | १५ | १५ | २२ | २२ | २५ | २१ | २०७ |
| | प्रगति | १२ | २९ | ५ | १८ | ५ | २५ | ३७ | १३ | ४४ | १७ | १४ | ११९ | ३३८ |
| श्री लेखनाथ ढकाल | लक्ष्य | ७ | १७ | ७ | १४ | १८ | २३ | १६ | १६ | २२ | २२ | २५ | २० | २०७ |
| | प्रगति | १४ | १९ | ४ | १० | १६ | ३२ | २२ | १२ | २३ | २३ | २१ | ० | १९६ |
| श्री मो.जुनैद आजाद | लक्ष्य | ५ | १८ | ९ | १४ | १९ | २२ | १६ | १४ | २२ | २२ | २५ | २० | २०६ |
| | प्रगति | ७ | २० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २७ |
| श्री पूनम सिंह चन्द | लक्ष्य | ७ | १८ | ८ | १५ | १८ | २२ | १६ | १६ | २२ | २२ | २५ | २० | २०९ |
| | प्रगति | २ | १७ | ७ | ४ | १२ | १० | १७ | १३ | १५ | १६ | १५ | ७३ | २०१ |
| जम्मा | लक्ष्य | २७ | ६९ | ३१ | ५७ | ७५ | ८९ | ६३ | ६१ | ८८ | ८८ | १०० | ८१ | ८२९ |
| | प्रगति | ३५ | ८५ | १६ | ३२ | ३३ | ६७ | ७६ | ३८ | ८२ | ५६ | ५० | १९२ | ७६२ |

**नोटः- मासिक लक्ष्य निर्धारणमा निवेदन प्रतिवेदनको लक्ष्य थान १०८ लाई पनि समावेश गरिएको ।**

## *२ .४ मुद्दा ,निवेदन तथा कैफियत प्रतिवेदनतर्फ*

**निवेदन तर्फ**

| विवरण | लगत | | | फछ्र्योट | | | बाँकी | | | फछ्र्योट % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | जिम्मेवारी मध्येबाट | नयाँ दर्ता मध्येबाट | जम्मा फछ्र्योट | जिम्मेवारी तर्फ | नयाँ दर्ता तर्फ | जम्मा लगत | |
| | ० | ८२ | ८२ | ० | ८२ | ८२ | ० | ० | ० | १०० |
| बाँकी मध्ये एक महिना नाघेको | ० | | | | | | | | | |

**प्रतिवेदन तर्फ**

| विवरण | लगत | | | फछ्र्योट | | | बाँकी | | | फछ्र्योट % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | जिम्मेवारी मध्येबाट | नयाँ दर्ता मध्येबाट | जम्मा फछ्र्योट | जिम्मेवारी तर्फ | नयाँ दर्ता तर्फ | जम्मा लगत | |
| | १ | ७२ | ७३ | १ | ६९ | ७० | ० | ३ | ३ | ९४.५२ |
| बाँकी मध्ये एक महिना नाघेको | ० | | | | | | | | | |

## *२.५ योजना अनुरूप प्रगति हासिल भए नभएको सम्बन्धमा संक्षिप्त विश्लेषण*

न्यायपालिकाको चौथो पंचवर्षीय रणनीतिक योजना कार्यान्वयन अन्तर्गत अन्य अदालतहरुले जस्तै यस अदालतले पनि आ.ब. २०७९।०८० को बार्षिक कार्ययोजना बनाई लागु गरेको थियो । जसमध्ये योजनाले लिएको लक्ष्य र प्रगतिको अवस्था हेर्दा मुद्दा तर्फ (सरल, सामान्य र विशेष) आ.व. २०७९/०८० मा नयाँ मुद्दा ७७८ थान दर्ता हुने अनुमान गरिएकोमा अनुमान भन्दा १०२ थान कम मुद्दा दर्ता भइ ६७६ थान नयाँ मुद्दा दर्ता भएको देखिन्छ । अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सरेको मुद्दा समेत गरी मुद्दाको जम्मा लगत संख्या ९२२ पुगेको देखिन्छ । त्यस्तै फछ्र्योट तर्फ ७२१ थान मुद्दा

फछ्र्योट गर्ने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा ४१ थान बढी मुद्दा फछ्र्योट भइ जम्मा फछ्र्योट मुद्दा संख्या ७६२ थान रहेको देखिन्छ । तसर्थ जम्मा ९२२ मुद्दामा ७६२ थान मुद्दा अर्थात ८२.६५ प्रतिशत मुद्दा फछ्र्योट भई बाँकी मुद्दा १६० थान रहेको देखिन्छ । त्यस्तै निवेदन तर्फ ७८ थान दर्ता हुन आएकोमा शतप्रतिशत निवेदन फछ्र्यौट भएका छन । प्रतिवेदन तर्फ जिम्मेवारी सरेको १ थान समेत गरी जम्मा ७० थान दर्ता हुन आएकोमा ६७ थान फछ्र्योट भइ ३ थान बाँकी रहेको अवस्था छ । यसरी मुद्दा फछ्र्योटको अवस्था हेर्दा उत्साहजनक नै देखिन्छ ।

आ.व. ०७९/०८० मा बाँकी रहेका मुद्दा तथा यस आर्थिक वर्षमा दर्ता हुन आउने मुद्दाको संख्यात्मक विवरण सर्वोच्च अदालतबाट प्राप्त ढाँचामा मुद्दाहरुको मासिक तथा वार्षिक अनुमानित लक्ष्य तथा प्रगति समेतको विषयमा यसै कार्ययोजनाको परिच्छेद-४ मा उल्लेख गरिएको छ।

*२.६ अन्य व्यवस्थापकीय कार्यको लक्ष्य र प्रगति विवरण*

न्यायिक सूचना सम्प्रेषण गर्ने, अदालतबाट प्रदान गरिने सेवा सुविधाहरूको बारेमा जनसाधारणलाई जानकारी दिने, सरोकारवाला निकायहरूसँग अन्तरक्रिया एवम् छलफल सञ्चालन गर्ने, अभिलेख र टिपोट व्यवस्थापन गर्ने, व्यवस्थापकीय पक्षलाई सुधार गर्दै न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने लक्ष्यका साथ विभिन्न प्रकारका व्यवस्थापकीय कार्यको लक्ष्य निर्धारण गर्ने गरी योजना कार्यान्वयनमा ल्याइएकोमा मुलुकमा व्याप्त आर्थिक मन्दीका

कारण पूर्व विनियोजित बजेटमा कटौती हुन गएको कारण व्यवस्थापकीय कार्य लक्ष्य अनुरुप हुन सकेको देखिदैन ।

*२.७ व्यवस्थापकीय कार्यतर्फको लक्ष्य र प्रगति विवरण निम्नानुसार रहेको छ ।*

| सि.नं. | व्यवस्थापकीय कार्य | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | न्याय क्षेत्र समन्वय समिति बैठक | ३ | २ | |
| २ | अदालत व्यवस्थापन समितिको बैठक | आवश्यकतानुसार | - | |
| ३ | पूर्ण वैठक | आवश्यक्तानुसार | २ | |
| ४ | योजना कार्यान्वयन समितिको वैठक | आवश्यक्तानुसार | - | |
| ५ | वार र सरकारी वकील बीचको अन्तरक्रिया | ३ | २ | |
| ६ | न्यायिक बाह्य संवाद(Judicial Outreach) | ३ | ० | |
| ७ | Meet the judge | आवश्यकतानुसार | ३ | |
| ८ | संचारकर्मीसँग अन्तरक्रिया | २ | ० | |

# परिच्छेद- ३

# वर्तमानको वस्तुस्थिति विश्लेषण र सम्बोधन गर्नु पर्ने विषयको पहिचान

*३.१ .वर्तमान अवस्थाको विश्लेषण*

यस अदालत हाल नगर विकास समिति सुर्खेतको जीर्ण अवस्थामा रहेकोभवनबाट अदालतको दैनिक कार्य संचालन हुँदै आएको छ । न्यायाधीश दरबन्दी संख्या ७ रहेको र हाल २ जना कार्यरत रहनु भएको र अन्य न्यायाधीश ज्यूहरु अन्यत्र काजमा रहनु भएको अवस्था छ । हाल कार्यरत माननीय न्यायाधीशहरुको संख्या हेर्दा बढ्दै गइरहेको मुद्दाको चाप अनुरुप कम रहेको देखिन्छ । यस अदालतमा न्यायाधीशको दरबन्दी संख्या तथा मुद्दाको संख्या बमोजिम कम्तिमा ३ वटा इजलासको आवश्यकता रहेकोमाहाल २ वटा मात्र इजलास रहेको देखिन्छ । आ.व. ०७८/०७९ मा थप १ इजलासको संरचना निर्माणका लागि आवश्यक पहल गरिएकोर सो अनुरुप सर्वोच्च अदालत लगायत विभिन्न स्थानीय निकायहरुसँग पहल गरिएकोमा बजेट अभाव लगायतका कारण लक्ष्य बमोजिम थप अर्को १ इजलास निर्माण गर्न नसकिएको अवस्था छ । दिनप्रतिदिन बढ्दै गइरहेको मुद्दाको चाप हेर्दा माननीय न्यायाधीश ज्यूको संख्या दरवन्दी अनुरुप थप गर्नु पर्ने देखिन्छ । साथै, थप एउटा इजलास तत्काल निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । जसले गर्दा मुद्दाको सुनुवाई

शिघ्र रुपमा भई छिटो छरितो, निष्पक्ष ढंगबाट न्यायसम्पादन गर्ने कार्यमा प्रभावकारिता अभिवृद्धि गर्न सघाउ पुग्छ ।

यस अदालतको आफ्नै जग्गामा भवन निर्माणको लागि आर्थिक वर्ष ०७७/०७८ मारु. ३ करोड रुपैया तथा आर्थिक वर्ष ०७८/०७९ मा रु ४ करोड रुपैया र आर्थिक वर्ष २०७९/०८० मा रु १० करोड रुपैया विनियोजन भएकोमा मुलुकले वेहोर्नु परेको आर्थिक संकटका कारण भवन निर्माणका लागि प्राप्त उक्त बजेट फिर्ता गएको र आर्थिक वर्ष २०८०-०८१ का लागि भवन निर्माणका लागि बजेट विनियोजन भएको नदेखिएको हुँदा टेण्डर प्रकृयामा गइसकेको भवन निर्माणको प्रकृया स्थगित भएको अवस्था रहेको छ । आ.व. ०७८/०७९ मा नक्साङ्कन, डिजाइनिङ कार्य सम्पन्न भइ आर्थिक वर्ष २०७९/०८० मा बोलपत्र आव्हानजस्ता कार्य सम्पन्न भएकोमा मुलुकले वेहोर्नु परेको आर्थिक संकटका कारण आर्थिक वर्ष २०८०/०८१ का लागि भवन निर्माण तर्फ बजेट विनियोजन हुन नसक्दा भवन निर्माण कार्य हाललाई स्थगित भएको अवस्था रहेको छ ।

कार्यबोझका आधारमा कर्मचारीको पर्याप्त जनशक्ति समेत रहेको भए तापनि समयानुकूल क्षमता अभिवृद्धिका कार्यक्रम तथा तालिम संचालन हुन नसक्नुले कार्यसम्पादन तथा सेवाप्रवाहमा कठिनाई उत्पन्न भएको देखिन्छ । अदालतमा दरबन्दी अनुरूपका अधिकृत

कर्मचारीहरू तथा अन्य कर्मचारीहरु पूर्ति भएको अवस्था भए पनि कतिपय नयाँ नियुक्ति भएका र कानून अध्ययन नगरेका (**Non-Law)** कर्मचारी भएकाले कार्यअनुभव नभएको, पर्याप्त मात्रामा कम्प्युटर, प्रिन्टर लगायतका आवश्यक सामग्रीहरू उपलब्ध हुन नसकेको, अन्य निकायबाट मिसिल कागजातहरू समयमानै प्राप्त गर्न नसकिएकाले मुद्दामा अंग पुऱ्याउने कार्यमा नकारात्मक असर परेको जस्ता कमजोर पक्षहरू पनि  रहेको देखिन्छ । हामी सामु  रहेका समस्या र कमजोरीका वावजुद पनि भएका भौतिक सामग्रीहरू, जनशक्ति र आम नागरिकबाट प्राप्त जनआस्थाका आधारमा काम गर्ने र समस्या तथा चुनौतीहरूलाई सामना गर्दै न्यायपालिकाप्रतिको जनविश्वास अझै अभिवृद्धि गर्ने, न्याय सम्पादनमा प्रभावकारिता ल्याई स्वतन्त्र, निष्पक्ष र सक्षम तथा उच्च स्तरको न्यायिक काम कारबाही सञ्चालन गर्ने, न्यायिक सुशासन र उत्तरदायित्वमा वृद्धि गर्ने तथा गुणात्मक न्यायलाई प्रबर्द्धन  गर्ने जस्ता अवसरहरू पनि हामी सँगै छन् । यी कार्यहरू कसरी अगाडि बढाउने, जनआस्थालाई अझै प्रभावकारी बनाउदै कसरी अगाडि बढ्ने भन्ने जस्ता थुप्रै चुनौतिहरू पनि हामी सामु छन् । प्रस्तुत कार्ययोजनाको कार्यान्वयन तथा अदालतको समग्र न्यायिक काम कारबाहीलाई अघि बढाउने क्रममा अदालतलाई प्राप्त हुने बजेट र स्रोत साधन, काम गर्ने पुरातन अभ्यास र सँस्कृतिमा परिवर्तन, नयाँ संहिताहरूले ल्याएका हाँकहरूको सम्बोधन जस्ता थुप्रै

चुनौतीहरू पनि यस अदालत सामु रहेका छन् । न्यायपालिकामा पञ्चवर्षीय रणनीतिक योजना लागू भएपश्चात् न्यायिक कामकारबाहीमा उल्लेख्य रूपमा सकारात्मक नतिजाहरू देखिएका छन् । मुद्दाको फछ्र्यौंटको स्थितिमा सुधार आएको छ भने बक्यौता मुद्दाहरूको न्यूनिकरण गर्दै निर्धारित समय भित्रै फैसला गर्ने काममा प्रभावकारिता आएको छ । हामी यसका लागि दृढ संकल्परत र प्रतिबद्ध छौं ।

योजनाले फरक मुद्दा व्यवस्थापन पद्दतिलाई (**Differentiate Case Management**) अंगिकार गरेको हुँदा मार्ग समूह अन्तर्गतका मुद्दाहरु मार्ग समूहको समयावधि भित्र टुंगाउनुपर्ने कार्यलाई अनिवार्य गरेको छ । जसले गर्दा आगामी दिनहरुमा मुद्दाको मार्ग समूहअनुसार समयावधि भित्र टुंगिन नसकेका मुद्दाहरुलाईटुंगिन नसक्नुका कारणहरूको पहिचान गरी निराकरणका उपायहरू अपनाइने छ।

मुद्दाको अंग पुऱ्याउने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य गर्दा गर्दै पनि केही मुद्दाहरूमा भएको आदेश कार्यान्वयनमा जटिलता देखा परेको महसुस गरिएको छ । यसका लागि सम्बन्धित सरोकारवाला निकायहरूसँगको सम्बन्धलाई सुमधुर तुल्याउनुपर्ने हुन्छ । विशेषतः अन्य कार्यालयबाट प्राप्त हुनु पर्ने प्रमाण कागजात समयमा नै प्राप्त हुन नसक्नुका कारण अंग पुऱ्याउने कार्यमा केही कठिनाई देखा परेको छ । मुद्दाको आन्तरिक निरीक्षण र अनुगमन

गर्ने कार्यलाई अझै तीब्रता दिनुपर्ने अवस्था छ । आन्तरिक निरीक्षणबाट मुद्दामा भएको आदेश समयमा कार्यान्वयन भए नभएको एकिन हुने हुँदा सो को लागि टेलिफोन, इमेल, फ्याक्स, **online** जस्ता सूचना प्रविधिका संयन्त्रहरू परिचालन गरिएका छन् । यसलाई अझै थप सक्रियताका साथ कार्य सञ्चालन गर्नुपर्नेछ ।

अदालतप्रतिको जनआस्था अभिबृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । अदालतका सूचनाहरू सम्प्रेषण गर्न पत्रकारसँग भेटघाट, विभिन्न सूचनामूलक सन्देशहरू छपाई वितरण गर्ने, सूचना पाटीमा राख्न लगाउने, अदालत प्रयोगकर्ताको बडापत्र तयार गर्ने जस्ता कार्यहरू पनि सम्पन्न भएका छन् । कार्यालयको कामकारबाहीमा आवश्यक पर्ने कम्प्युटर, ल्यापटप, यूपियस, प्रिन्टर, स्क्यानर लागयतको संख्या वृद्धि गर्न तर्फ आवश्यक कदम चालिएको छ। सोधपुछ तथा सहायता कक्षमा कम्प्युटर सहित कर्मचारीको व्यवस्था गरी सेवाग्राहीलाई सहजतापूर्वक सेवा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गरिनुका साथै अन्य सरोकारवाला निकायहरूसँगको सम्बन्ध सुमधुर बनाउन न्याय क्षेत्र समन्वय समितिको बैठक राखी विभिन्न क्षेत्रमा देखिएका समस्याको पहिचान गरी समाधान खोज्ने प्रयास गरिएको छ । मुद्दामामिलामा पठाउनु पर्ने कागजात रहने कार्यालय प्रमुखहरूलाई पनि उक्त बैठकमा आमन्त्रण गर्ने गरिएको छ । समुदायमा अदालत कार्यक्रमहरू सदरमुकाम भन्दा टाढाका

स्थानमा पनि सम्पन्न गर्ने गरिएको छ । यस्ता कार्यक्रमहरू अझै प्रभावकारी, उद्देश्यमूलक र परिणाममुखी बनाउँन जरूरी देखिएको छ ।

### *३.२ उच्च अदालत सुर्खेतको दरबन्दी तेरिज*

| सि.नं | कर्मचारीको पद | स्वीकृत दरवन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | मा.मु.न्या. ज्यू तथा न्यायाधीश | ७ | ७ | ० | हाल २ जना मात्र कार्यरत रहनु भएको |
| २ | रजिष्ट्रार(रा.प.प्रथम) | १ | १ | ० | - |
| ३ | उप-रजिष्ट्रार (रा.प.द्धि) | १ | १ | ० | - |
| ४ | शाखा अधिकृत (रा.प.तृ) | २ | २ | ० | |
| ५ | इजलास अधिकृत (रा.प.तृ) | ६ | ६ | ० | |
| ६ | निजी सहायक(रा.प.तृ) | १ | १ | ० | |
| ७ | लेखा अधिकृत (रा.प.तृ) | १ | ० | १ | - |
| ८ | सुचना प्रविधि अधिकृत (रा.प.तृ) | १ | ० | १ | करारमा कार्यरत |
| ९ | नापी अधिकृत (रा.प.तृ) | १ | ० | १ | |
| १० | रेखा विषेशज्ञ (रा.प.तृ) | १ | ० | १ | - |
| ११ | नायव सुव्वा (रा.प अनं प्र.) | ८ | ८ | ० | - |
| १२ | निजी सहायक(रा.प अनं प्र.) | १ | १ | ० | |
| १३ | लेखापाल (रा.प अनं प्र.) | १ | १ | ० | |
| १४ | पुस्तकालय सहायक (रा.प अनं प्र.) | १ | १ | ० | - |
| १५ | टा.ना.सु (रा.प.अनं प्र.) | ० | ० | ० | १ जना फाजिलमा कार्यरत |
| १६ | कम्प्युटर अपरेटर (रा.प अनं प्र.) | २ | २ | ० | |
| १७ | सिनियर इलेक्ट्रिसियन (रा.प अनं प्र.) | १ | १ | ० | - |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | तामेलदार (रा.प.अनं द्धि) | २ | २ | ० | |
| १९ | हलुका सवारी चालक (श्रेणीविहिन) | २ | ० | २ | २ जना सेवा करारमा कार्यरत |
| २० | कार्यालय सहयोगी (श्रेणीविहिन) | ७ | ० | ७ | सेवा करारमा कार्यरत |
| **जम्मा** | | **४७** | **२७** | **१३** | |

## बजेट प्रयोजनका लागि करार दरबन्दीबाट कार्य गराउन सकिने

| सि नं | पद नाम | श्रेणि | सेवा | हालको संख्या | थप | घट | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर अपरेटर | रा.प्र.अनं.प. | विविध | ० | १ | ० | १ |
| २. | हलका सवारी चालक | श्रेणीविहिन | नेपाल इन्जिनियरिङ्ग | ० | ० | ० | ० |
| ३. | कार्यालय सहयोगी | श्रेणीविहिन | नेपाल प्रशासन | ० | ६ | ० | ६ |
| जम्मा | | | | | ७ | | ७ |

<u>बजेट प्रयोजनको दरबन्दी अनुसार कार्य गराइएका कर्मचारीको विवरण</u>

| **सि. नं** | **कर्मचारीको पद** | **स्वीकृत दरवन्दी (बजेट प्रयोजन)** | **पदपूर्ती** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | कार्यालय सहयोगी (बजेट प्रयोजन) | ६ | ५ | १ | |
| | | जम्मा | ५ | १ | - |

### *३.३ आगामी कार्ययोजनामा सम्बोधन गर्नु पर्ने विषयहरू*

योजना निश्चित विन्दुमा पुगिने गन्तव्य नभई निरन्तर चलिरहने यात्रा भएकोले त्यसलाई सोही अनुरूप लिई आफ्ना भावी कार्यक्रमहरू तय गर्नुपर्ने हुन्छ । योजनाले निर्धारण गरेका लक्ष्य हासिल भए

नभएको समीक्षा गर्दै लक्ष्य हासिल हुन नसकेका क्षेत्रहरूको पहिचान गरी आगामी कार्य योजनामा सुधार गरी लक्ष्य अनुरूप प्रगति हासिल गर्न प्रयत्नशिल रहनुपर्छ । विगत वर्षहरूको अनुभव, वर्तमानको वस्तुस्थिति विश्लेषण पश्चात् आगामी वार्षिक योजनामा समेट्नु पर्ने विषयहरूको उल्लेख गरिएको छ।

*३.३ मुद्दा मामिलातर्फ सम्बोधन गर्नु पर्ने विषय*

न्यापालिकाको चौथो पञ्चवर्षीय रणनीतिक  योजनाले निर्धारण गरेका लक्ष्य हासिल गर्न रणनीतिक उपायहरू अबलम्बन गर्नु पर्ने हुन्छ । योजनाले निर्धारण गरेका समयावधि भित्र मुद्दाको कारबाही गर्ने, अंग पुऱ्याउने, सुनुवाई गर्ने र किनारा गर्ने कार्यलाई श्रोत, साधन र जनशक्तिको परिचालन गरी तिब्रता दिइनेछ । कुनै पनि मुद्दालाई अवधि नाघ्न नदिन सदैव प्रयत्नशील रहनुपर्छ । मुद्दाको अंग पुऱ्याउने कार्यमा वर्तमानमा देखिएका समस्याहरूको आवश्यक समाधान खोजी अंग पुऱ्याउने  कार्यलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ । मुद्दाको निरीक्षण र सुपरीवेक्षण गर्ने कार्यमा प्रभावकारिता ल्याइनेछ । कुनै एक माननीय न्यायाधीशज्यूलाई यसको अनुगमन गर्न जिम्मेवारी तोकी मुद्दाको अंग पुऱ्याउने कार्यलाई व्यवस्थित बनाइनेछ ।  म्याद तामेली कार्यमा देखिएका समस्यालाई जिल्ला अदालत, स्थानीय तह र प्रहरी कार्यालयसँग समन्वय गरी समाधान खोजिनेछ । न्यायक्षेत्र समन्वय समितिको काम कारबाहीमा सक्रियता र निर्णयको

कार्यान्वयनमा शिघ्रता ल्याइनेछ । पेसी स्थगनको समस्यालाई सम्बोधन गर्न सम्बन्धित वार इकाइ र सरकारी वकीलसँग छलफल र अन्तरक्रिया गरी कानूनको परिधि भित्र ल्याउन प्रयास गरिनेछ । फैसला तयार गर्ने काम १५ दिन भित्रै सम्पन्न गर्ने गरी टिपोट कार्यलाई अगाडि बढाइने र आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ । मेलमिलापका लागि मुद्दा प्रेषित गरिएतापनि सफलताको उत्साहजनक रहेको र सो कार्यलाई थप प्रभावकारी बनाउनका लागि मेलमिलापकर्तासँग समय समयमा छलफल एवम् अन्तरक्रिया सम्पन्न गर्न र मुद्दाका पक्षहरूलाई समेत समावेश गरी मेलमिलापका फाइदा बारेमा जानकारी प्रदान गरिनेछ । समुदायमा अदालत कार्यक्रम सञ्चालन गर्दा मेलमिलापका विषयलाईपनि विशेष प्राथमिकतामा राखी यसलाई उद्देश्यमूलक ढंगबाट अगाडि बढाइएको छ ।

*३.४ .सूचना प्रविधिको अधिकतम प्रयोग*

अदालतका हरेक कामकारबाहीलाई सूचना प्रविधिसँग आबद्ध गर्दै अगाडि बढिनेछ । मुद्दा दर्ता गर्ने कार्य देखि लिएर अभिलेखमा इन्ट्री गर्ने लगायतका सबै काम सफ्टवेयरमा गरिनेछ । पेसी सूची निकाल्ने काम पनि नेटवर्कबाटै सम्पन्न गर्ने गरिएको छ । पेसी सूची सर्वसाधारणले हेर्नका लागि २ वटा **Display Board**को व्यवस्था गरिएको छ । अदालतमा रहेका सम्पूर्ण मिसिलहरू सफ्टवेयरमा इन्ट्री गर्ने काम सम्पन्न भएको छ । म्याद तामेली एवम् अन्य

पत्राचार पनि **Online** र **Email** को माध्यमबाट सम्पन्न गर्दै आएकाले आगामी कार्य योजनामा थप तिब्रता दिइनेछ । सर्वसाधारणले अदालतका सूचना सहज रूपमा प्राप्त गर्न सकुन भन्ने पवित्र उद्देश्यले रेडियो, टेलिभिजन एवम् अन्य संचारका माध्यमहरूको प्रयोग गर्न पनि जरूरी ठानिएको छ । अदालतभित्र र कम्पाउण्डमा भएका गतिविधिहरूको सूक्ष्म निगरानीका लागि ५ वटा सि.सि.क्यामेरा जडान गरिएको भएतापनि थप सि.सि. क्यामेरा व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

*३.५.भौतिक पूर्वाधारको विकास र सेवाग्राहीमैत्री वातावरणको सृजना*

यस अदालतको भवन, कोठा, इजलासको संख्या एवम् अन्य अवस्थालाई दृष्टिगत गरी भौतिक पूर्वाधारको अभाव महसुस गरिएको छ । फर्निचर शीर्षकमा प्राप्त हुने बजेटको आकार वर्षेनी सानो हुँदै गएको अवस्थाले व्यवस्थापन गर्न गाह्रो हुने भएको छ। सेवाग्राहीका लागि अदालत भवनभित्र फर्निचरको व्यवस्था गरी बस्ने व्यवस्था गरिएको छ ।सेवाग्राहीका लागि शौचालय एवम् खानेपानीको उचित प्रबन्ध गरिएको छ। साक्षी संरक्षण एवम् बालबालिकाको लागि बस्ने कोठा र आवश्यक पूर्वाधारको व्यवस्था गर्नु पर्ने देखिएको छ सूचना प्रविधिसँग सम्बन्धित मेसिनरी औजार, कम्प्युटर, प्रोजेक्टर, फोटोकपी मेसीन जस्ता विद्युतीय उपकरणहरूको मर्मत सम्भार गर्दै उचित प्रयोग र व्यवस्थापनको वातावरण मिलाइनेछ ।

*३.६ .न्यायाधीश र रजिस्ट्रारको आवासमा कार्य वातावरणः*

यस अदालतका माननीय न्यायाधीशज्यूहरूले आवासबाटपनि फैसला लेखन समेतका कार्य गर्नुपर्ने र रजिस्ट्रारले पनि आफ्नो निवासबाट समग्र प्रशासन तथा व्यवस्थापनको कार्य गर्नुपर्ने भएको हुनाले तद अनुरूपको कार्य गर्न आवासमा कार्य वातावरण सिर्जना गरिनेछ ।

*३.७ .न्यायमा पहुँच अभिवृद्धि सम्बन्धमा*

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना अनुरुप विभिन्न माध्यमबाट न्यायमा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने पनि एक प्रमुख उद्देश्य हो । न्याय सर्वसुलभ र सबैका लागि पहुँचयोग्य हुनुपर्छ भन्ने सर्वस्वीकार्य मान्यतालाई हाम्रो संविधान एवम् न्यायपालिकाले पनि आत्मसात गर्दै मुख्य नाराको रूपमा स्वीकार गरेको पाइन्छ । न्यायमा पहुँच अभिवृद्धिका लागि वैतनिक कानून व्यवसायीको सेवा पूर्णकालीन बनाई काममा निगरानी गरिनेछ । निजको कार्यविवरणलाई अद्यावधिक गरिनेछ । त्यसरी नै दोभाषेको सेवा, निशुःल्क रूपमा वितरण गरिने विभिन्न प्रकारका टेम्प्लेटहरू उचित वितरणको व्यवस्था मिलाइनेछ । अदालतबाट प्राप्त सेवा सुविधाहरूका बारेमा ब्रोसर छपाई गरी वितरण गर्नुका साथै तारेख पर्चामा पनि राखिनेछ । स्थानीय पत्रपत्रिका, रेडियो र टेलिभिजनबाट पनि प्रचार प्रसार गरिने व्यवस्था मिलाइनेछ । परामर्शसेवाको प्रभावकारीता अध्ययन गरी थप जनशक्ति एवम् वैतनिक कानून

व्यवसायीलाई परिचालन गरिनेछ । न्यायमा पहुँच अभिवृद्धका लागि **Meet the Judge, Judicial Outreach** जस्ता कार्यक्रममा सूचना र सन्देशमूलक विषयहरू समावेश गरिनेछ । यस्ता कार्यक्रमको प्रभावकारितामा जोड दिइनेछ ।

*३.८ .जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रम*

न्यायपालिकामा कार्यरत सबै तहका जनशक्ति दक्ष, सक्षम र शिपयुक्त भएमा मात्र अदालतबाट प्रदान गरिने सेवामा गुणस्तरीयता आई न्यायालयको मुहार चम्किलो हुनेछ । २०७५ भाद्र १ गतेबाट मुलुकमा नयाँ कानून (संहिताहरू) लागू भैसकेको अवस्थामा ती विषयहरूमा सबै कर्मचारीहरूलाई प्रशिक्षण दिइएको भए तापनि समय समयमा पुनर्ताजगी तालीम दिइरहनु आवश्यक देखिन्छ । कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न प्रकारका तालीम, छलफल एवम् अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै रहनुपर्ने हुन्छ । कानून लगायत समसामयिक विषयहरूमा, सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा प्रशिक्षण गराई समय सापेक्ष बनाई राख्नु अपरिहार्य हुन्छ । विगत वर्षहरूमा झै सेवाकालीन तालीम एवम् अन्य प्रशिक्षण, छलफल कार्यक्रमलाई अगाडि बढाइने छ । संहिताहरू लागू भै सकेको सन्दर्भमा तालीम सञ्चालन गर्दा हालसम्मका अनुभव र देखा परेका समस्यामा आधारित रही **Adult Learning Method**अपनाइनेछ ।

*३.९ .मेलमिलाप पद्धतिको विकासमा जोड*

| अदालत अबलोकन गर्न आउने व्यक्तिहरूका लागि अदालतको सामान्य परिचय, सम्पादन गर्ने कार्य र कार्य कक्षसमेतको जानकारी समावेश भएको सर्वोच्च अदालतबाठ प्राप्त श्रव्यदृश्य सामग्री निर्माण गरी अबलोकन कक्षबाट प्रशारण गर्ने। | श्रव्यदृश्य सामग्री | निरन्तर | रजिस्ट्रार |
| अदालतको जानकारी पुस्तिका बनाउने । | ब्रोसेयर | भाद्र | मुख्य न्यायाधीश/ रजिस्ट्रार |

### ५.२.३ .कानूनी सहायतालाई प्रभावकारी बनाउनु

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| वैतनिक कानून व्यवसायीसंग सासहिक रूपमा प्रगति विवरण लिइ र निर्देशन दिइ निजको सेवा थप प्रभावकारी बनाउने। | निर्देशन | निरन्तर | मुख्य न्यायाधीश/ रजिस्ट्रार |
| नेपाल बार एशोसिएसनसँग समन्वय गरी प्रोवोनो (स्वेच्छिक) निःशुल्क कानूनी सेवा सञ्चालन निर्देशिका कार्यान्वयन गर्ने। | समन्वय बैठक/निर्णय | निरन्तर | रजिस्ट्रार |
| प्रोवोनो (स्वेच्छिक) कानूनी सेवा प्रदान गर्ने कानून व्यवसायीहरूको सूची अद्यावधिक गरी विद्युतीय माध्यम तथा अदालत र बार एशोसिएसनको सूचना पाटीमा प्रकाशन गर्ने। | वेवसाइट/सूचना पाटी | निरन्तर | रजिस्ट्रार |
| निःशुल्क कानूनी सहायताका वारेको जानकारी सार्वजनिक सञ्चार माध्यम, अदालतबाट जारी हुने म्याद सूचना तथा वेवसाइटको माध्यमबाट प्रबाह गर्ने। | वेवसाइट/म्याद सूचना | निरन्तर | रजिस्ट्रार |

| | | | |
|---|---|---|---|
| वैतनिक कानून व्यवसायीबाट प्रदान गरिने सेवाको जानकारीसहित सबै अदालतमा कार्यरत बैतनिक कानून व्यवसायीको नाम र सम्पर्क नं अदालत परिसरको सबैले देख्ने स्थानमा टाँस्ने र वेवसाइटमा प्रकाशन गर्ने। | जानकारी विवरण/वेवसाइट | निरन्तर | रजिस्ट्रार |

५.२.४ .न्यायिक प्रक्रिया र प्रणालीबारे सूचना प्रवाह गर्नु

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अदालतमा सेवाग्राही परामर्श र सहायता कक्षमा अदालतबाट प्रदान हुने सेवा, मुद्दाको प्रक्रिया, लाग्ने दस्तुर आदि वारेमा सेवाग्राहीलाई जानकारी दिने। | अभिलेख | निरन्तर | सम्बन्धित कर्मचारी |
| अदालतबाट प्रदान हुने सेवा, मुद्दाको प्रक्रिया, लाग्ने दस्तुर आदि वारेमा जानकारीमूलक पुस्तिका तयार गरी पहिलो पटक आउने पक्षलाई उपलब्ध गराउने। | जानकारी पुस्तिका | निरन्तर | रजिस्ट्रार |
| अदालतहरूमा पर्याप्त पूर्वाधार सहितको प्रतिक्षालयको स्थापना र सुदृढीकरण गर्ने। | प्रतिक्षालय | निरन्तर | रजिस्ट्रार |
| न्यायिक प्रक्रिया सम्बन्धी श्रब्यदृश्य सामग्री तयार गरी प्रतिक्षालयमा रहेको डिस्प्लेबाट प्रशारण गर्ने। | अभिलेख | निरन्तर | रजिस्ट्रार |
| सेवाग्राहीका अपेक्षा/ गुनासा सम्बन्धमा सल्लाह/ सुझाव लिई सोको सम्बोधन गर्न हेलो अदालत कार्यक्रम सञ्चालन गर्ने। | अभिलेख | निरन्तर | रजिस्ट्रार |
| न्यायिक प्रक्रिया सम्बन्धी जानकारीहरू स्थानीय संचार माध्याममार्फत स्थानीय भाषाहरूमा समेत प्रकासन तथा प्रशारण गर्ने। | कार्यक्रम अभिलेख | निरन्तर | रजिस्ट्रार |
| फाँट/इजलास लगायत अदालतका कार्यकक्षको स्पष्ट जानकारी प्राप्त हुने संकेत बोर्ड/ डिजिटल | संकेत बोर्ड/वेवसाइ | निरन्तर | रजिस्ट्रार |

| | | | |
|---|---|---|---|
| न्याप अदालतको प्रवेश विन्दू, सहायता कक्ष तथा बढी सम्पर्क हुने स्थान र अदालतको वेवसाइटमा राख्ने। | ट | | |
| अदालतबाट प्रदान हुने सेवा, न्यायिक प्रक्रिया र प्रणाली, मुद्दाको कारवाहीका लागि लाग्ने दस्तुर आदि वारेमा अदालतको हाताभित्र अदालत प्रयोगकर्ताको वडापत्र टाँस्ने व्यवस्था मिलाई वेवसाइटमा समेत प्रकाशन गर्ने। | नागरिक वडापत्र/ वेवसाइट | निरन्तर | रजिस्ट्रार |
| अदालतबाट प्रदान हुने सेवा, न्यायिक प्रक्रिया र प्रणाली, मुद्दाको कारवाहीका लागि लाग्ने दस्तुर आदि वारेमासमुदायका विभिन्न वर्गसँग अन्तरसंवाद गर्न तयार भएको निर्देशिका पुनरावलोकन गर्ने। | परिमार्जित निर्देशिका | निरन्तर | रजिस्ट्रार |
| अदालतबाट प्रदान हुने सेवा, न्यायिक प्रक्रिया र प्रणाली, मुद्दाको कारवाहीका लागि लाग्ने दस्तुर आदि वारेमाअदालतबाट समुदायका विभिन्न वर्गसँग अन्तरसंवाद गर्ने। | कार्यक्रम प्रतिवेदन | निरन्तर | न्यायाधीश |
| सहायता र परामर्श कक्षमा तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्ने। | निर्णय | निरन्तर | रजिस्ट्रार |
| सहायता र परामर्श कक्षलाई स्रोत साधनयुक्त बनाई सेवाग्राहीलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने। | सूचना/स्रोत साधन/ सेवाको अभिलेख | निरन्तर | रजिस्ट्रार |

### ५.२.५ .पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्नु

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| पीडित बादी भई दायर हुने मुद्दामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने। | आदेश/पत्र | निरन्तर | रजिस्ट्रार |
| पीडितमैत्री व्यवहारका लागि न्यायिक जनशक्तिलाई अभिमुखीकरण गर्ने। | प्रतिवेदन | निरन्तर | रजिस्ट्रार |

| | | | |
|---|---|---|---|
| मुद्दाको कारवाही र फैसलामा पीडितको परिचयको गोपनीयता कायम गर्ने। | पक्षको गोपनीयता फाराम | निरन्तर | रजिस्ट्रार |
| पीडितलाई मुद्दाको कारवाही र आदेश वा फैसलाको जानकारी दिने। | निर्णय/पत्राचार | निरन्तर | रजिस्ट्रार |
| पीडित राहत कोषको कानूनी व्यवस्था लागू गर्नको लागि समन्वय र पहल गर्ने। | बैठक/निर्णय/पत्राचार | निरन्तर | रजिस्ट्रार |
| न्यायिक काम कारवाहीमा पीडितमैत्री सेवा प्रवाहको सुनिश्चितता गर्न पृष्ठपोषण लिने। | पृष्ठ पोषण फाराम/ प्रतिवेदन | निरन्तर | रजिस्ट्रार |

### *५.३न्यायिक सुशासनको प्रबर्द्धन*

**५.३.१ न्यायिक स्वतन्त्रता र स्वायत्तताको प्रवर्द्धन गर्नुः**

| **कार्य** | **कार्यसम्पादन सूचक** | **समयावधि** | **जिम्मेवारी** |
|---|---|---|---|
| न्यायपालिकाको काम कारवाहीमा बाह्य क्षेत्रबाट हुनसक्ने हस्तक्षेप, अनुचित दवाव, प्रभाव र असहयोगलाई निरुत्साहित गर्न पद्धति विकास गर्ने। | नीति/निर्णय/समन्वय बैठक | निरन्तर | मुख्य न्यायाधीश/रजिष्ट्रार |
| न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयनको लागि कार्यक्रमका आधारमा बजेट विनियोजनको लागि समन्वय र पहल गर्ने। | बैठक/ निर्णय/पत्राचार | निरन्तर | मुख्य न्यायाधीश/रजिस्ट्रार |
| न्यायाधीश तथा कर्मचारीलाई अतिरिक्त समय गरेको काम र योजनाको लक्ष्य अनुसार कार्यसम्पादनको आधारमा अतिरिक्त सुविधा उपलब्ध गराउने। | निर्णय/ तलवी भरपाई | निरन्तर | मुख्य न्यायाधीश/रजिस्ट्रार |

### ५.३.२ .न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गर्नु

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| कर्मचारीहरूको जिम्मेवारी सहितको कार्यसम्पादन मापदण्ड पुनरावलोकन गरी लागू गर्ने। | कार्यविवरण | निरन्तर | मुख्य न्यायाधीश /रजिस्ट्रार |
| न्यायाधीशको लागि इजलासमा बस्दा प्रयोग भै आएको पोशाक भौगोलिक अवस्था समेतलाई विचार गरी पुनरावलोकन गर्ने। | संशोधित नियमावली | निरन्तर | मुख्य न्यायाधीश |
| न्यायाधीश तथा कर्मचारीहरूको आचारसंहिता प्रभावकारी रुपमा लागू गर्ने र नियमित अनुगमन गर्ने। | अनुगमन प्रतिवेदन | निरन्तर | प्रधान न्यायाधीश/ रजिस्ट्रार |
| न्यायपालिकामा हुन सक्ने अनियमितता तथा भ्रष्ट्राचार नियन्त्रणका लागि न्याय परिषद लगायतका सम्बन्धित निकायहरूसँग छलफल र समन्वय गरी निरोधात्मक र दण्डात्मक उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने। | छलफल/ निर्णय | निरन्तर | मुख्य न्यायाधीश /रजिस्ट्रार |
| अदालतमा विचौलयाबाट हुनसक्ने क्रियाकलाप रोक्ने । | निगरानी | निरन्तर | मुख्य न्यायाधीश/ रजिस्ट्रार |

### ५.३.३ .न्यायिक जनशक्तिको कार्य संस्कृतिमा सुधार गर्नु

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| जनशक्तिले सेवाग्राहीप्रति गरिनुपर्ने व्यवहारका सम्बन्धमा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने। | अभिमूखीकरण कार्यक्रम प्रतिवेदन | भाद्र | रजिस्ट्रार |
| न्यायिक जनशक्तिलाई उत्कृष्ट व्यवस्थापन र सेवा प्रवाहमा प्रसिद्धि पाएका | निर्णय/प्रतिवेदन | उपयुक्त समयमा | मुख्य न्यायाधीश/र |

| | | | |
|---|---|---|---|
| सार्वजनिक/निजी संस्थाहरूको अबलोकन गराउने। | | | जिस्ट्रार |

**५.३.४ अदालतको काम कारवाहीमा अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउन न्यायिक काम कारवाहीको निरीक्षण अनुगमन गर्नेः**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अदालत, न्यायिक एवम् अर्ध न्यायिक निकायको न्यायिक निरीक्षणलाई प्रभावकारी, उपलब्धीमूलक र मितव्ययी बनाउन, जिल्ला अदालतबाट गरिने निरीक्षणको विषयसमेत समावेश गर्न तथा अनलाइनबाट समेत अनुगमन गर्ने पद्धति विकास गर्न सर्वोच्च अदालतबाट परिमार्जित भएपछी सो निरीक्षण निर्देशिका लागू गर्ने। | निरीक्षण | निरन्तर | मुख्य न्यायाधीश /रजिस्ट्रार |
| पुनरावेदन सुन्ने अदालतहरूले अदालत, अन्य न्यायिक निकाय र कारागारहरूको वार्षिक रुपमा कम्तिमा १ पटक निरीक्षण गर्ने। | निरीक्षण प्रतिवेदन | निरन्तर | मुख्य न्यायाधीश/न्यायाधीश |
| निरीक्षण कार्यको लागि आर्थिक वर्षको शुरुमै न्यायाधीश तोकी सम्बन्धित न्यायाधीशबाट तोकिएको अदालतको वर्षैभरि नियमित अनुगमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने। | निर्णय / प्रतिवेदन | निरन्तर | मुख्य न्यायाधीश |
| अनुगमनबाट देखिएका कैफियत वा सुधार गर्नुपर्ने विषयमा तत्कालै निर्देशन दिने र समन्वय गर्ने। | निर्देशन/ पत्राचार | निरन्तर | निरीक्षणकर्ता न्यायाधीश/रजिस्ट्रार |
| अदालतको काम कारवाहीमा प्रभावकारीता अभिबृद्धि गरी न्यायिक सुशासन कायम राख्न आकस्मिक निरीक्षण, सुक्ष्म अनुगमन र नियमित निगरानी गर्ने । | कार्यविधि/ निर्देशिका | निरन्तर | मुख्य न्यायाधीश/रजिस्ट्रार |

**सेवाप्रवाहको अनुगमन गर्ने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सेवाप्रवाह भए नभएको नियमित अनुगमन गरी तत्काल सुधार गर्न निर्देशन दिने। | अनुगमन प्रतिवेदन/ निर्णय | निरन्तर | रजिस्ट्रार |
| मापदण्ड बमोजिम उत्कृष्ट कार्यसम्पादन तथा सेवाप्रबाह गर्ने कर्मचारीलाई पुरष्कृत र कमी कमजोरीको पुनराबृत्ति गर्ने कर्मचारीलाई अनुशासनात्मक कारवाही गर्ने। | निर्णय | निरन्तर | रजिस्ट्रार |
| अदालतबाट सम्पादन गरिने सेवा प्रबाह र सुधार गर्नुपर्ने विषयका सम्बन्धमा प्रशिक्षण प्राप्त कर्मचारीबाट अन्तर अदालत अनुगमन तथा निगरानी गर्ने। | निर्णय/ पत्र/ अनुगमन प्रतिवेदन | निरन्तर | रजिस्ट्रार |

**गुनासो सुनुवाइको संयन्त्रलाई प्रभावकारी बनाउनेः**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अदालतबाट भएका काम कारवाहीमा हुन सक्ने | श्रावण | निरन्तर | मुख्य |
| पर्न आएका गुनासो/ उजुरीमा १ महिनाभित्र कारवाही र निर्णय गरी उजुरीकर्तालाई सोको | निर्णय/ पत्राचार | निरन्तर | मुख्य न्यायाधीश/ |
| अदालतबाट भएका काम कारवाहीमा हुन सक्ने अनियमिता सम्बन्धी उजूरीको संवोधन गर्ने, | कार्ययोजना | निरन्तर | रजिस्ट्रार |

## *५.४ अदालत व्यवस्थापनको सुदृढीकरण*

### ५.४.१: मानव संशाधन व्यवस्थापन सुदृढ बनाउनु

**मानव संशाधन नीति तथा योजना निर्माण गर्ने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सूचना प्रबिधि सम्बन्धी दक्ष जनशक्तिको आपूर्ति, स्थायित्व र उत्प्रेरणा कायम गर्न नीति निर्माण गरी कार्यान्वयन गर्ने। | बैठक/ माइन्यूट/ पत्राचार | निरन्तर | रजिस्ट्रार |
| फिल्डमा खटिने तामेल्दार कर्मचारीलाई कार्य सम्पादन मापदण्ड बनाई सोको आधारमा थप भत्ता र मोवाइल शुल्क | भरपाइ | निरन्तर | रजिस्ट्रार |

| | | | |
|---|---|---|---|
| सुविधा उपलब्ध गराउने। | | | |
| न्यायिक जनशक्तिको क्षमता विकासको लागि देहायका विषयमा तालिम प्रदान गर्नेः-<br>• देवानी तथा फौजदारी संहिता<br>• फरक मुद्दा व्यवस्थापन<br>• सूचना प्रविधि<br>• फैसला लेखन<br>• अभिमुखीकरण<br>• सेवाप्रबेशपुनर्ताजगी/सेवाकालिन / | तालिम सञ्चालन प्रतिवेदन | निरन्तर | मुख्य न्यायाधीश /न्यायाधीश / रजिस्ट्रार |
| आगामी बर्ष ०८०/०८१ कालागि यस अदालतका कर्मचारीका लागि आवश्यक पर्ने तालिम र अभिमूखिकरणको आवश्यकता पहिचान गर्ने र समयमै पत्राचार गर्ने । | अध्ययन पत्राचार | मार्ग | मुख्य न्यायाधीश/ रजिस्टार |

## ५.४.२ .भौतिक र सेवा पूर्वाधारमा सुधार एवम् वित्तीय व्यवस्थापन गर्नु

## भौतिक र सेवा पूर्वाधारव्यवस्थापन गर्ने

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अदालत, आवास तथा सुरक्षा भबनहरूको नियमित संरक्षण तथा मर्मत सम्भारगर्ने। | मापदण्ड/बजेट निकाशा | निरन्तर | रजिस्ट्रार |
| भौतिक पूर्वाधारहरूलाई सेवाग्राही मैत्री बनाउन निरन्तर सुदृढिकरण गर्न देहायका निर्माण कार्य गर्नेआवश्यक रहेको नरहेको वा के कस्तो आवश्यकता रहेको भन्ने सम्बन्धमा आवश्यकता पहिचान र संभाब्यता अध्ययन गरी सर्वोच्च अदालतमा अनुरोध गर्ने<br>• वाइफाई र टिभि डिस्प्ले सुविधासहितको प्रतिक्षालय<br>• शौचालय /षपुरु /महिला)<br>• पिउने पानी | संरचना विस्तार/थप | मार्ग | रजिस्ट्रार |

| | | | |
|---|---|---|---|
| • सूचना तथा सहायता कक्ष<br>• मेलमिलापकक्ष<br>• श्रव्यदृश्यसंवादकक्ष<br>• परामर्शकक्ष<br>• बालइजलासकक्ष<br>• अन्य । | | | |

**भवन बाहेकका अन्य भौतिक पूर्वाधार व्यवस्थापन गर्ने :**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अदालतमा खरीद गरिने वस्तु र सेवाको वार्षिक खरीद योजना तयार पारी कार्यान्वयन गर्ने। | खरीद योजना | श्रावण | रजिस्ट्रार |
| अदालतको लागि आवश्यक पर्ने मेशिनरी सामान, एअर कण्डिसनर, हेभी ड्युटी स्क्यानर, फर्निचर, सुरक्षा उपकरण समेतको मापदण्ड निर्धारण गर्ने। | निर्णय/प्रतिवेदन | श्रावण | रजिस्ट्रार/प्रशासन/लेखा अधिकृत |
| निर्धारित मापदण्डका आधारमा अदालतको लागि आवश्यक पर्ने सामग्रीहरू खरिद गर्ने। | निर्णय | निरन्तर | रजिस्ट्रार |
| मापदण्ड तयार नुहँदा सम्म मुलुकको भौगोलिक अवस्था समेतलाई विचार गरी अदालतको लागि खरिद गरिने सवारीसाधन Sport Utility Vehicle स्तरको खरिद गर्न पहल गर्ने। | निर्णय | निरन्तर | रजिस्ट्रार |
| अदालतमा रहेका सवारी साधन, मेशिनरी सामान तथा फर्निचर समेतको इन्भेन्ट्री निर्माण गर्ने। | निर्णय | निरन्तर | रजिस्ट्रार |
| प्रयोगमा आउन नसक्ने फर्निचरहरू लिलाम विक्री गर्ने। | निर्णय | निरन्तर | रजिस्ट्रार |

**वित्तीय व्यवस्थापनः**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, वैठक सञ्चालन लगायत न्यायपालिकामा हुने विशेष प्रकृतिका कार्यहरू सम्पादन गर्न बजेट खर्चको मापदण्ड निर्धारण गर्ने। | मापदण्ड | २०८० साउन | **रजिस्ट्रार/लेखा शाखा** |
| सम्बन्धित अदालतको योजना कार्यान्वयन समितिसँग परामर्श र समन्वय गरी बजेट अनुमानलाई अन्तिम रुप दिईवार्षिक खरीद योजनासहित सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखामा पठाउने। | बजेट अनुमान विवरण | मंसिर | " |
| अदालतहरूबाट प्राप्त कार्यक्रमसहितको अनुमानित बजेटका आधारमा न्यायपालीकाको एकमुष्ट बजेट प्रक्षेपण गर्ने। | बजेट अनुमान विवरण | पुष | " |
| कार्यक्रमसहितको एकमुष्ट बजेटका सम्बन्धमा छलफल गरी अन्तिम रुप दिने। | बजेट अनुमान विवरण | पुष | " |
| निर्धारित सिलिङ्गको आधारमा वार्षिक कार्यक्रमसमेतको प्राथमिकीकरण गरी LMBIS मा बजेट प्रविष्ट गर्ने। | LMBIS अभिलेख | निरन्तर | " |
| सम्बन्धित अदालतले प्राप्त गरेको बजेट LMBIS मा उल्लिखित क्रियाकलाप कार्यान्वयनको लागि अदालतको पूर्ण बैठक र कर्मचारी बैठकमा छलफल गराई मितव्ययीता, पारदर्शिता र प्रभावकारीतासमेतको आधारमा योजनाका कार्यक्रमहरू सञ्चालन गर्ने। | निर्णय/भौतिक र वित्तीय प्रतिवेदन | निरन्तर | " |
| बार्षिक रुपमा तोकिएको लक्ष्यबमोजिम बेरुजु फछ्र्यौट गर्ने र आगामि दिनमा शून्य बेरुजु कायम गर्ने। | बेरुजु फछ्र्यौट प्रतिवेदन | निरन्तर | " |

**अभिलेख व्यवस्थापन गर्ने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अभिलेख व्यवस्थापनगर्ने। | मापदण्ड/ निर्णय | निरन्तर | रजिस्ट्रार |
| मापदण्डका आधारमा अभिलेख व्यवस्थापन निर्देशिका लागू गर्ने। | अभिलेख निर्देशिका | २०८० भाद्र | रजिस्ट्रार/उप-रजिस्ट्रार/ |
| छिनुवा मिसिलहरू स्क्यान गरी सफ्टवेयरको माध्यमबाट क्रमशः प्रविष्ट गरी संरक्षण गर्ने। | सफ्टवेयर/ अभिलेख | निरन्तर | रजिस्ट्रार /अभिलेख/सूचना प्रविधि शाखा |
| मिसिल संलग्न लिखतहरू कानूनबमोजिम धुल्याउने/सडाउने/ संरक्षण गर्ने। | अभिलेख | निरन्तर | रजिस्ट्रार/शाखा प्रमुख |

**पुस्तकालय व्यवस्थापन गर्नेः**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| पुस्तकालय व्यवस्थापन सम्बन्धमा भएका पूर्व अध्ययनहरूको पुनरावलोकन गरी मापदण्ड बनाई लागू गर्ने। | मापदण्ड | २०८० पुष | रजिस्ट्रार/पुस्तकालय |
| अदालतका सबै इजलासहरूमा दैनिक रुपमा आवश्यक पर्ने कानूनका पुस्तक र सामग्रीहरू सहितको Mini Library को व्यवस्था गर्ने। | लाइब्रेरी | श्रावण | रजिस्ट्रार/ प्रशासन प्रमुख/पुस्तकालयमा तोकिएको कर्मचारी |

| | | | |
|---|---|---|---|
| न्यायिक कार्यको लागि आवश्यक पर्ने पुस्तक लगायत अन्य पाठ्य सामग्रीको आवश्यकता पहिचान गरी खरीद गर्ने। | खरिद निर्णय/ पुस्तक | निरन्तर | रजिस्ट्रार |
| न्यायाधीशका निवासमा आधारभूत पुस्तकको व्यवस्था | पुस्तक | निरन्तर | रजिस्ट्रार/ प्रशासन प्रमुख पुस्तकालयम तोकिएको कर्मचारी |

## ५. ४.३. सूचना प्रविधिको संस्थागत सुदृढीकरण र क्षमता अभिबृद्धि गर्नु

**सूचनाप्रविधिसम्बन्धीनीतिरयोजनाबनाउनेः**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| एक कर्मचारी एक कम्प्यूटर, एक कोठा एक प्रिन्टरका आधारमा उपकरणको व्यवस्थापन गर्न आवश्यक पर्ने संख्या सहित सर्वोच्च अदालतमा माग गर्ने । | पत्राचार | श्रावण | रजिस्ट्रार/ सूचना प्रबिधि महाशाखा |

## ५.४.४ संहिताहरूको नतिजामूलकरप्रभावकारी कार्यान्वयनको व्यवस्थापन गर्नु

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| संहिता कार्यान्वयनकासिलसिलामा अदालती कार्यविधि सम्बन्धी वाधा अड्काउमा छलफल । | निर्णय | आवश्यकता अनुसार | पूर्ण बैठक |
| संहिताहरू कार्यान्वयनका सम्बन्धमा अनुभव आदान प्रदान, आइपरेका समस्या, एकरुपता कायम गर्न मातहत अदालतहरूसमेत सहभागी गराई अर्द्धबार्षिक रुपमा समीक्षा कार्यक्रम गरी केन्द्रिय संयन्त्रमा प्रतिवेदन गर्ने। | समीक्षा कार्यक्रम | आवश्यकता अनुसार | मुख्य न्यायाधीश/ रजिष्ट्रार |
| संहिताको प्रभावकारी कार्यान्वयनको लागि | समीक्षा | आवश्यकता | मुख्य |

| | | | |
|---|---|---|---|
| तयार भएको नियमावली, दिग्दर्शन, निर्देशिका, सजाय निर्धारण सम्बन्धी मापदण्ड र संहिता कानूनहरूमा हुने संशोधन तथा कार्यान्वयनका क्रममा आउन सक्ने बाधा अड्काउका विषयहरूका सम्बन्धमा न्यायिक जनशक्तिहरूका बीच अर्न्तक्रिया गर्ने। | कार्यक्रम | अनुसार | न्यायाधीश/ रजिस्ट्रार |
| संहिता कार्यान्वयनको लागि आवश्यक पर्ने थप बजेट र स्रोत साधन प्रक्षेपण गरी सर्वोच् अदालतमा माग गर्ने ।<br>• ऐन, नियम,निर्देशिका,दिग्दर्शन र स्रोत सामाग्री छपाई र वितरण, सम्प्रेषण<br>• म्याद सूचना प्रकाशन<br>• फाराम,प्रमाणपत्र,दर्ता किताव, अभिलेख रजिष्टर छपाई<br>• भौतिक पूर्वाधार विस्तार<br>• सूचना प्रविधि सम्बन्धी उपकरण<br>• संहिता सम्बन्धमा जनशक्तिको क्षमता विकास<br>• अतिरिक्त समय कार्य सम्पादन फैसला/कल डिटेल/पक्राउपूर्जी तयारी आदि<br>• समन्वय र सहकार्य<br>• अन्य | पत्राचार | श्रावण | मुख्य न्यायाधीश/ रजिस्ट्रार |
| सजाय निर्धारण सम्बन्धी मापदण्ड अनुसार कार्य भए नभएको अनुगमन गर्ने। | प्रतिवेदन | निरन्तर | मुख्य न्यायाधीश |

## *५.५ न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि*

### ५.५.१ अदालतका काम कारबाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टी अभिवृद्धि गर्नु

| | | | |
|---|---|---|---|
| सबै अदालतमा आवधिक रूपमा सेवाग्राहीको सन्तष्टीको स्तर मापन | प्रतिवेदन | पुष/आषाढ | रजिष्ट्रार |

| | | | |
|---|---|---|---|
| योजनाको मध्यावधिमा सेवाग्राहीको सन्तुष्टीको समीक्षा गरी आवश्यक सुधार गर्ने क्षेत्रहरूको पहिचान गरी | प्रतिवेदन | योजनाको मध्यावधि | मुख्य न्यायाधीश/रजिष्ट्रार |

**अदालत र संचारमाध्यमसँगको सम्बन्ध प्रभावकारी बनाउने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सर्वोच्च अदालतबाट र संचार क्षेत्रसँगको सम्बन्धलाई प्रभावकारी र सन्तुलित बनाउन तर्जुमा गरिने संचार नीति लागू गर्ने । | संचार नीति | निरन्तर | न्यायाधीश/रजिस्ट्रार |
| उच्च अदालतमा सूचना तथा संचार कक्ष स्थापना गरी जिम्मेवार अधिकृत तोक्ने। | निर्णय | निरन्तर | रजिस्ट्रार |
| अदालतको काम कारवाही सम्बन्धमा प्रकाशित समाचारको सत्यता र आधिकारिकताको वारेमा सर्वसाधारणलाई जानकारी गराउने। | सूचना | निरन्तर | रजिस्ट्रार/सूचना अधिकारी |
| संचारकर्मीसँग अन्तर्क्रिया गर्ने। | माइन्यूट/ प्रेस विज्ञप्ति | आवश्यकतानुसार | रजिस्ट्रार |
| संचार क्षेत्रसँग गरिने व्यवहार र सूचना सम्प्रेषणको तरिका तथा समाजिक संजालसँगको आवद्धता बारेमा अदालतको जनशक्तिलाई अभिमुखीकरण गर्ने। | अभिमुखीकरण | भाद्र | रजिस्ट्रार |

**५.५.२: अदालतका सरोकारवालाहरूसँगको सम्बन्ध र सहयोगलाई सुदृढ तुल्याउनु**

**अदालतका सरोकारवाला निकायहरूसँग सम्बन्ध र समन्वय अभिवृद्धि गर्ने**

| कार्य | कार्यसम्पा | समयावधि | जिम्मेवारी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | दन सूचक | | |
| सरोकारवाला निकायहरूलाई न्यायपालिकाको रणनीतिक योजनाका सम्बन्धमा जानकारी गराउने। | पत्राचार/ माइन्यूट | श्रावण | रजिस्ट्रार |
| सरोकारवाला निकायहरूलाई रणनीतिक योजना तर्जुमा मार्फत सुधारका कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने। | पत्राचार/ माइन्यूट | निरन्तर | रजिस्ट्रार/उप -रजिस्ट्रार |
| रणनीतिक योजना मार्फत् सुधारका कार्यक्रम सञ्चालन गरिरहेका सरोकारवाला निकायहरूका योजनामा समावेश भएका न्यायपालिकाको काम कारवाहीसँग सम्बन्धित साझा विषयहरूमा अन्तर निकायगत समन्वय तथा सहकार्य गर्ने। | पत्राचार/ माइन्यूट | निरन्तर | रजिस्ट्रार /उप- रजिस्ट्रार |
| न्यायिक काम कारवाहीसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरू (वार एशोसिएसन, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी, विधिविज्ञानसँग सम्बन्धित निकाय र विशेषज्ञ समेत) सँग नियमित सम्पर्क र सहकार्य गर्ने। | आवधिक बैठक/ संवाद/ निर्णय/ पत्राचार | निरन्तर | मुख्य न्यायाधीश/ रजिस्ट्रार न्यायक्षेत्र समन्वय समितिहरू |

## स्थानीय तहका न्यायिक समितिहरूसँगसमन्वय र सहकार्यगर्नु

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| स्थानीय तहसँगको सहकार्यमा न्यायिक समितिका पदाधिकारीहरू तथा कार्यरत कर्मचारीलाई न्यायिक प्रक्रिया, मेलमिलाप र न्यायिक निरीक्षणका सम्बन्धमा अभिमुखीकरण गर्ने। | अभिमुखीकरण कार्यक्रम | आश्विन | रजिस्ट्रार |
| म्याद तामेली, फैसला कार्यान्वयन, नापनक्सा, मुचुल्का आदि विषयमा स्थानीय तहले गर्नुपर्ने सहयोगका | आवधिक बैठक/ संवाद/ निर्णय/ पत्राचार | फाल्गुण | रजिस्ट्रार/उप -रजिस्ट्रार |

| | | | |
|---|---|---|---|
| सम्बन्धमा समन्वय गर्ने। | | | |

# परिच्छेद - ६

# योजना तर्जुमा ,कार्यान्यवन ,अनुगमन र मूल्याङ्कन संयन्त्र

*६.१.परिचय*

रणनीतिक योजनाले निर्धारण गरेका लक्ष्य तथा रणनीतिक उद्देश्य प्राप्तिका लागि निर्धारित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ । निर्धारित कार्यक्रमहरूको कार्यान्वयन सुनिश्चित गर्न नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्नुपर्ने हुन्छ । यसरी स्थापित प्रणालीको माध्यमबाट योजना प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको एवम् कार्यान्वयनका सिलसिलामा कुनै वाधा अवरोध वा कठिनाई उत्पन्न भएमा समयमानै सो को उचित सम्बोधन गरी योजना कार्यान्वयन प्रक्रियालाई सहज बनाउनु पर्ने हुन्छ । यसका अतिरिक्त, योजनाको अनुगमन र मूल्याङ्कन गर्न विभिन्न चरणमा आवधिक समीक्षा गर्ने र प्रतिवेदन लिने प्रणालीको विकास गर्न पनि उत्तिकै आवश्यक पर्दछ ।

*६.२ .योजना कार्यान्वयन ,अनुगमन र मूल्याङ्कन संयन्त्र*

**(क) मुख्य न्यायाधीश**

योजनाको कार्यलाई प्रभावकारी रूपमा तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नका लागि मुख्य न्यायाधीशको नेतृत्वदायी भूमिका रहन्छ । मुख्य न्यायाधीशबाट निरन्तर योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरिनेछ ।

**(ख) पूर्ण बैठक**

यस अदालतको पूर्ण बैठकमा समेत योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धमा आवश्यतानुसार समीक्षा गरिने छ ।

*६.३ .अनुगमन मूल्याङ्कन प्रक्रिया*

योजनाको कार्यान्वयन कार्य योजना  देहाय बमोजिम रहेको छ ।

कार्यान्वयन योजना

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| रणनीतिक योजना सम्बन्धमा जानकारी प्रवाह | कार्यक्रम | २०८० श्रावण | मुख्य न्यायाधीश/रजिष्ट्रार |
| न्यायाधीशको संयोजकत्वमा अन्य सहयोगी कर्मचारीहरू सहितको योजना समिति निर्माण गर्ने | योजना समिति गठन | श्रावण | मुख्य न्यायाधीश/रजिष्ट्रार |
| प्रत्येक महिनामा गर्नु पर्ने क्रियाकलापहरूको बारेमा समितिका संयोजकलाइ जानकारी गराउने | मेमो | प्रत्येक महिनाको पहिलो दिन | समितिमा काम गर्ने शाखा अधिकृत |
| रणनीतिक योजनाको अधीनमा रही वार्षिक कार्यान्वयन योजना तर्जुमा गरी अनुमोदन गराई समितिमा पेस गर्ने । | कार्यान्वयन योजना | श्रावण १५ गते भित्र | योजना तर्जुमा कार्यान्वयन समिति |
| योजना कार्यक्रम कार्यान्वयन गर्दा योजना समितिसँग परामर्श र समन्वयमा गर्ने । | समन्वय र परामर्श भएको हुने | आवश्यकता अनुसार | मुख्य न्यायाधीश/ योजना समिति र रजिस्ट्रार |
| वार्षिक कार्ययोजना बनाई सर्वोच्च अदालतको योजना कार्यान्वयन सचिवालयमा पठाउने । | कार्ययोजना | श्रावण महिनाको १५ गते भित्र | योजना समिति |
| यस अदालत र जिल्ला अदालतहरूको योजना प्रगति समीक्षा प्रत्येक त्रैमासिक आधारमा यस अदालतमा गरी सोको प्रतिवेदन सर्वोच्च अदालतको योजना कार्यान्वयन | समीक्षा वैठक | प्रत्येक ३ महिनामा | मुख्य न्यायीश/ रजिस्ट्रार |

| | | | |
|---|---|---|---|
| सचिवालयमा पेस गर्ने । | | | |
| सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने । | अन्तरक्रिया | भाद्र | मुख्य न्यायाधीश/रजिष्ट्रार |
| मासिक कार्य प्रगति विवरण अनुसन्धान तथा योजना समितिमा पेस गर्ने | प्रगति विवरण | प्रत्येक महिनाको ५ गते भित्र | रजिस्ट्रार |
| आफ्नो र मातहत अदालतहरूको कार्यप्रगतिको त्रैमासिक समीक्षा गर्ने । | समिक्षा वैठक/माइन्युट | प्रत्येक वर्षको कार्तिक, माघ, वैशाख महिनाको ७ गते भित्र | योजना तर्जुमा तथा कार्यान्वयन समिति |

यसकार्यान्वयन योजनाको अतिरिक्त योजना समितिले मासिक, त्रैमासिक र मध्यावधिक मूल्याङ्कन समेत गर्नेछ । अन्त्यमा आषाढ महिनामा वार्षिक कार्ययोजनाको अन्तिम मूल्याङ्कन समेत गरिनेछ । समितिले गर्ने अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दा चौथो रणनीतिक योजनाले निर्दिष्ट गरेको सर्वोच्च अदालतको अनुसन्धान तथा योजना समितिले निर्धारण गरी प्राप्त हुने फारामलाई प्रयोग गरिनेछ ।

# परिच्छेद - ७

# चौमासिक रूपमा गरिने खर्च योजना

*७.१ प्रथम चौमासिक श्रावण देखि कार्तिक सम्म हुने खर्च योजना*

| सि. नं. | कार्यक्रमको नाम | कार्यक्रम महिना | खर्च रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | न्यायाधीशसँग सेवाग्राही भेटघाट | प्रत्येक महिना | ७,५००/- | |
| २ | योजना कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया | श्रावण | २५,०००/- | |
| ३ | वार्षिक प्रतिवेदन तथा वार्षिक कार्य योजना तयारी र छपाई | श्रावण | ८०,०००/- | |
| ४ | पुस्तकालय व्यवस्थापन | भाद्र | १,००,०००/- | |
| ५ | अदालत हाताभित्र फूलवारी व्यवस्थापन | असोज | २५,०००/- | |
| ६ | उच्च अदालतमा योजना समीक्षा | असोज | १,००,०००/- | |
| ७ | समुदायसँग अन्तरसम्वाद | असोज | २५,०००/- | |
| ८ | न्याय क्षेत्र समन्वय समिति लगायत वैठक | असोज | २५,०००/- | |
| ९ | टिपोट सम्बन्धी तालीम | कार्तिक | ६०,०००/- | |
| १० | पुस्तकालयमा कम्प्युटर जडान | भाद्र | १,००,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| १२ | मेलमिलापकर्तालाई परिवहनभत्ता तथा मसलन्द छपाई र स्थानीय न्यायिक समितिका पदाधिकारीहरूसँगको छलफल | प्रत्येक महिना | ५०,०००/- | |
| १३ | सडाउनुपर्ने कागजात /अभिलेख व्यवस्थापन | प्रत्येक महिना | २५,०००/- | |
| १४ | डि.सि. एम तालिम | भाद्र | १,८०,०००/- | |
| १५ | फैसला लेखन सम्बन्धी क्षमता अभिवृद्धि तालिम | असोज | ७५,०००/- | |
| १६ | बार वेन्च अन्तरक्रिया | असोज | १०,०००/- | |
| जम्मा | | | ९,८७,५००/- | |

*७.२ .दोस्रो चौमासिक कार्यक्रममा हुने खर्च योजना*

| सि. नं. | कार्यक्रमको नाम | कार्यक्रम महिना | खर्च रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | न्यायाधीशसँग सेवाग्राही भेटघाट | प्रत्येक महिना | ७,५००/- | |
| २ | अदालत हाता भित्र फूलबारी व्यवस्थापन | मंसिर | २५,०००/- | |
| ३ | वातावरण तथा सरसफाई कार्यक्रम | मंसिर | २५,०००/- | |
| ४ | वार र सरकारी वकिलसँग अन्तरक्रिया | मंसिर | १०,०००/- | |
| ५ | उच्च अदालतमा योजना समीक्षा | पौष | ८०,०००/- | |
| ६ | न्याय क्षेत्र समन्वय समिति लगायतका वैठक | पौष | २५,०००/- | |
| ७ | समुदायमा अदालत | पौष | २५,०००/- | |
| ८ | सेवाग्राहीप्रति गरिनुपर्ने व्यवहार सम्बन्धमा अभिमुखिकरण तालीम/२ दिने | माघ | ८०,०००/- | |
| ९ | देवानी/ फौजदारी संहिता सम्बन्धी २ दिने तालीम | फाल्गुण | ८०,०००/- | |
| १० | अभिलेख व्यवस्थापन | प्रत्येक महिना | २५,०००/- | |
| १ | मेलमिलापकर्तालाई | प्रत्येक | ५०,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| ११ | परिवहनभत्ता तथा मसलन्द छपाई | महिना | | |
| १२ | संचारकर्मी सँग अन्तरक्रिया | माघ | १०,०००/- | |
| | | जम्मा | ४,४२,०००/- | |

*७.३ .तेस्रो चौमासिक कार्यक्रममा हुने खर्च योजना*

| सि. नं. | कार्यक्रमको नाम | कार्यक्रम महिना | खर्च रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | न्यायाधीशसँग सेवाग्राही भेटघाट | प्रत्येक महिना | ७,५००/- | |
| २ | सञ्चारकर्मीसँग अन्तरक्रिया | चैत्र | १०,०००/- | |
| ३ | वार र सरकारी वकिलसँग अन्तरक्रिया | जेष्ठ २०८० | १०,०००/- | |
| ४ | अदालतको फूलवारी व्यवस्थापन | जेष्ठ २०८० | २५,०००/- | |
| ५ | समुदायमा अदालत | चैत्र र आषाढ | २०,०००/- | |
| ६ | वातावण तथा सफाई कार्यक्रम | आषाढ २०८० | २५,०००/- | |
| ७ | उच्च अदालतमा योजना समीक्षा | चैत्र र आषाढ | ८०,०००/- | |
| ८ | न्याय क्षेत्र समन्वय समिति वैठक | चैत्र र आषाढ | २५,०००/- | |
| ९ | अभिलेख व्यवस्थापन | प्रत्येक महिना | २५,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| १० | मेलमिलापकर्तालाई परिवहन भत्ता, मसलन्द र छपाई तथा मेलमिलापकर्ता एवं सरोकारवालाहरूसँगको अन्तरक्रिया | प्रत्येक महिना | ५०,०००/- | |
| | | जम्मा | २,७७,५००/- | |
| | | तीन वटै चौमासिकको जम्मा बजेट | १७,०७,०००/- | |

*७.४ भौतिक र सेवा पूर्वाधारमा सुधार एवम वित्तिय व्यवस्थापनः-*

रणनीतिक योजनाले भौतिक र सेवा पुर्वाधारमा सुधार एवम् वित्तिय व्यवस्थापन तर्फरणनीतिक उद्देश्यको
४.२(क) मा उच्च अदालत सुर्खेतको भवन निर्माण गर्ने कार्यक्रम रहेको र सो को लागि रकमको मापदण्ड निर्धारण गरी रकम प्रक्षेपण गरेको पाइन्छ ।

उपर्युक्त बमोजिमको कार्य मध्ये उच्च अदालत सुर्खेतका नाउमा रहेकोजिल्ला सुर्खेत साविक कटकुवा वडा नं ६ को कि.नं ३ जम्मा क्षेत्रफल २ विगाह ४ कट्ठा पौने ७ धुर जग्गामा उच्च अदालत सुर्खेतको भवननिर्माण कार्य प्रारम्भ गर्न आ.व. ०७७/०७८ मा ३ करोड रुपैंया, आर्थिक वर्ष ०७८/०७९ मा रु ४ करोड रकम र आर्थिक वर्ष २०७९/८० मा रु १० करोड विनियोजन भै आएकोमा भवन निर्माणका लागि टेण्डर प्रकृया सम्पन्न भइ सकेपश्चात मुलुकको आर्थिक संकटका कारणा आर्थिक वर्ष २०८०/०८१ का भवन निर्माण तर्फ बजेट विनियोजन हुन नसक्दा हाललाई भवन निर्माण कार्य स्थगन भएको अवस्था रहेको छ । आगामी आर्थिक वर्षमा भवन निर्माणका लागि पुनः कार्य शुरु गर्नका लागि आवश्यक पर्ने

बजेटको सुनिश्चितताको लागि सर्वोच्च अदालत मार्फत नेपाल सरकारसँग आवश्यक पहल गरिनेछ । अदालतको प्रशासनिक काम लगायत, म्याद तामेली तथा फिल्डमा खटिने कर्मचारीको लागि २ थान मोटरसाइकल प्रबन्ध गर्न सर्वोच्च अदालत समक्ष आवश्यक पहल गरिनेछ।

.

*७.५ आ.व.२०८०/०८१ को वार्षिक कार्य योजनामा रहेको तर बजेट व्यवस्थापन नभएकोले बजेट माग गर्नु पर्ने विवरण*

| सि.नं. | कार्यक्रमको नाम | आवश्यक पर्ने बजेट रकम |
|---|---|---|
| १ | अदालतमा कार्यरत जनशक्तिलाई मेलमिलापको सम्बन्धमा अभिमुखीकरण गर्ने | ५०,०००/- |
| २ | मेलमिलाप सम्बन्धी सरोकारवालाहरूबीच छलफल र समन्वय गर्ने | ३०,०००/- |
| ३ | सामान्य निर्देशिका बनाई सर्वसाधरण/विद्यार्थीलाई अदालतको अवलोकन गर्ने अवसर प्रदान गर्ने | ३०,०००/- |
| ४ | अदालतको जानकारी पुस्तिका बनाउने | ३५,०००/- |
| ५ | पीडित मैत्री व्यवहारका लागि न्यायिक जनशक्तिलाई अभिमुखिकरण गर्ने | १५,०००/- |
| ६ | सूचना प्रविधि तथा फैसला लेखन तालीम | १,८०,०००/- |
| ७ | न्यायिक जनशक्तिलाई उत्कृष्ठ व्यवस्थापन र सेवा प्रवाहमा प्रसिद्धि पाएका सार्वजनिक/निजी संस्थाहरूको अवलोकन गराउने | २,००,०००/- |
| ८ | स्थानीय स्तरमा न्यायमा पहुँचका समस्या र अभिवृद्धिको उपायबारे अध्ययन | १,००,०००/- |
| ९ | मुख्य न्यायाधीश सचिवालयमा गुनासो सुनुवाई संयन्त्र स्थापना- फर्निचर, कम्प्युटर, प्रिन्टर | १,५०,०००/- |
| १० | फरक मुद्दा व्यवस्थापनको अभिमुखिकरण/सर्वसाधारण र | ५०,०००/- |

| सि.नं. | कार्यक्रमको नाम | आवश्यक पर्ने बजेट रकम |
|---|---|---|
| | सरोकारवालालाई जानकारी प्रवाहका लागि अन्तरक्रिया | |
| ११ | एक कर्मचारीका लागि एक कम्प्युटर र प्रत्येक कोठामा प्रिन्टरका लागि | ६,००,०००/- |
| १२ | संहिताहरूको कार्यान्वयनका लागि फाराम छपाई, ऐन, नियम कर्मचारीलाई वितरण, क्षमता विकास, समन्वय समेतका लागि | १,८०,०००/- |
| १३ | संचारक्षेत्रसँग गरिने व्यवहार र सूचना संप्रेषणको तरिका तथा सामाजिक संजालसँगको आवश्यकता बारेमा अदालतका जनशक्तिलाई अभिमुखिकरण | १,००,०००/- |
| | जम्मा | १७,२०,०००/- |

# परिच्छेद-आठ

## जोखिम विश्लेषण तथा न्यूनीकरण योजना

*८.१ परिचय*

कुनै पनि संगठनको वार्षिक कार्ययोजना अनुरूप कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा विभिन्न प्रकृतिका जोखिमहरू आउन सक्दछन्,

यस्ता जोखिमहरू आन्तरिक वा वाह्य कारणबाट सिर्जना हुन सक्दछन्। त्यसैले, वार्षिक कार्ययोजना तर्जुमाका क्रममा नै यस्ता सम्भावित जोखिमहरूको विश्लेषण गरी न्यूनीकरणको योजना समेत प्रस्ताव गर्नुपर्ने हुन्छ।

*८.२ विगत योजनाको जोखिम विश्लेषण*

उच्च अदालतको विगत कार्ययोजनामा समेत कार्यान्वयनको क्रममा आउन सक्ने सम्भावित जोखिम पहिचान गरी जोखिम न्यूनीकरणको कार्ययोजना प्रस्तुत भएको थियो।

उल्लिखित जोखिमहरूको न्यूनीकरणका लागि योजना अवधिमा सक्दो प्रयास गरिएको देखिन्छ। मुख्यतः बजेट एवं स्रोत साधनको सुनिश्चितताका लागि सम्मानित सर्वोच्च अदालतसँग अनुरोध गर्दै आएको पाइन्छ। त्यस्तै, अदालतमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि विना गत वर्षदेखि लागू भएको फरक मुद्दा व्यवस्थापन पद्धतिलाई प्रभावकारी बनाउन कर्मचारीको तालीम लगायतका विषयमा आवश्यक पहल हुँदै आएको पाइन्छ।

कानूनी सुधारका लागि भएको निरन्तर प्रयासको परिणाम स्वरुप न्यायिक कार्यप्रणालीमा मूलभूत परिवर्तन हुने गरी देवानी तथा फौजदारी संहिताहरू तथा नियमावलीहरू समेत जारी भई सोही बमोजिम सफलता पूर्वक कार्यसम्पादन हुँदै आएको पाइन्छ। त्यसैगरी, केही हदसम्म न्यायिक जनशक्तिको दरबन्दी थप भई पदपूर्ति भएको कारण मुद्दा फछ्र्यौटमा अभिबृद्धि भएकोछ। विगतका आर्थिक वर्षको कार्ययोजनाको अवधिमा कोभिड-१९ को कारण

निषेधाज्ञाको अवस्था सिर्जना हुन गई सोको प्रभाव स्वरुप न्यायिक कामकारबाही प्रभावित हुन पुगेकोले कार्यसम्पादनमा असर परेको देखियो। बन्दाबन्दीबाट अदालतहरूमा पुराना मुद्दाहरूको बक्यौता न्यूनीकरणमा असर पर्न गएको देखिन्छ। उल्लेखित पृष्ठभूमिमा यस कार्ययोजनामा समेत आइपर्न सक्ने सम्भावित जोखिमहरू पहिचान गरी त्यसको न्यूनीकरण योजना बनाउनु पर्ने भएको छ।

*८.३ वार्षिक कार्ययोजनाका सम्भावित जोखिमहरू*

चौथो पञ्चवर्षीय रणनीतिक योजना बमोजिम उच्च अदालत सुर्खेतको प्रस्तुत दोस्रो कार्ययोजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमका क्षेत्रहरू देहायबमोजिम पहिचान गरिएको छः

- कार्ययोजनामा प्रक्षेपण गरिएका कार्यक्रम अनुसारको बजेट,
- न्यायिक जनशक्तिको आपूर्ति, वृत्ति विकास र उत्प्रेरणा,
- सूचना प्रविधिको प्रयोग,
- सरोकारवालाहरूसँगको समन्वय र सहयोग,
- संवैधानिक तथा कानूनी सुधार,
- कोभिडको विषम परिस्थितिमा सुरक्षात्मक उपायहरूको पालना।-

*८.४ जोखिम न्यूनीकरण योजनाः*

वार्षिक कार्ययोजना कार्यान्वयनको दिशामा आई पर्न सक्ने प्रतिकूल प्रभाव तथा जोखिमहरूलाई न्यूनीकरण गरी योजनाको सफल कार्यान्वयन सुनिश्चित गरिनेछ। सम्भाव्य जोखिम, सोका लागि गर्नु पर्ने काम, समयावधि र जिम्मेवार पदाधिकारी समेत किटान गरी जोखिम न्यूनीकरण योजना यस प्रकार प्रस्तुत गरिएको छः

| सि नं | सम्भाव्य जोखिमहरू | न्यूनीकरणका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | योजनामा प्रक्षेपण गरिएका कार्यक्रम अनुसारको बजेटप्राप्त नहुनु। | • सर्वोच्च अदालतका पदाधिकारीहरूसँग छलफल र संवाद गर्ने। | प्रत्येक वर्ष | मुख्य न्यायाधीश/ रजिष्ट्रार |
| २. | न्यायिक जनशक्तिको आपूर्ति, वृत्ति विकास र उत्प्रेरणा। | • अदालतमा कार्यरत जनशक्तिहरू टिकाई राख्नका लागि उत्प्रेरणा र मनोवल अभिबृद्धि गर्ने उपायहरू पहिल्याउने। | निरन्तर | मुख्य न्यायाधीश/ रजिस्ट्रार |
| ३. | सूचना प्रविधिको प्रयोग | • सूचना प्रविधिको प्रयोगका लागि रिक्त दरबन्दीमा पदपूर्ति गर्न पहल गर्ने। | निरन्तर | मुख्य न्यायाधीश/रजिस्ट्रार |
| ४. | सरोकारवालाहरूसँगको समन्वय र सहयोग | • कार्य योजनामा निर्धारित कार्यक्रमहरू प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि सरोकारवालाहरूसँग समन्वय गरी सहयोग अभिबृद्धि गर्ने।<br>• समन्वय र सहयोग क्षेत्रहरू पहिचान र विस्तार गर्ने। | निरन्तर | मुख्य न्यायाधीश/ न्यायाधीश/रजिस्ट्रार/ न्याय क्षेत्र समन्वय समिति |
| ५. | • फरक मुद्दा व्यवस्थापन पद्धति<br>• योजनाको कार्यान्वयन र स्वामित्वभाव | • अदालतमा कार्यरत जनशक्तिको अभिमुखीकरण लगायत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।<br>• कर्मचारीमा सामूहिक कार्य संस्कृतिको विकास गराउने।<br>• योजनाप्रति स्वामित्वभाव सिर्जना गराउने।<br>• आवश्यक स्रोत र साधनको उपलब्धता अभिबृद्धि गर्ने।<br>• सूचना प्रविधिको प्रयोगमा अभिबद्धि गर्ने। | निरन्तर | मुख्य न्यायाधीश, न्यायाधीश/रजिस्ट्रार |